स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

**नगरसभाको अठारौं अधिवेशन**

**पहिलो बैठक**

# <u>नीलकण्ठ नगरपालिका नगरसभाको १८ औं अधिवेशनमा प्रस्तुत आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन</u>

नगर उपप्रमुखज्यू, नगर सभाका सचिवज्यू, नगरसभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरू, सञ्चारकर्मी साथीहरू, आदरणीय नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु,

नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको १८ औं अधिवेशनको अवसरमा म तपाईंहरु सम्पूर्णमा हार्दिक अभिवादन गर्न चाहन्छु। हामीलाई नगरविकासको समग्र क्षेत्रमा साथसहयोग गर्ने सम्पूर्ण कर्मचारीहरु, सङ्घ प्रदेश सरकार र साझेदार दातृ निकाय एवम् सम्पूर्ण नगरबासीहरुमा हार्दिक आभार ब्यक्त गर्दछु। नेपालमा सङ्घीय लोकतान्त्रीक गणतन्त्र स्थापनार्थ बलिदानी गरेका शहीदहरुको योगदान स्वरुप बनेको तीन तहको सरकार मध्येको जनताको घरदैलोको सरकारको रुपमा हामीले नीलकण्ठ नगरपालिकामार्फत साधन र स्रोतले भ्याएसम्मका उत्कृष्ट सेवा प्रबाह एवम् विकास निर्माणका काम अघि बढाइरहेकाछौं। तथापी मुलुकको समग्र विकास प्रकृया जनअपेक्षित रुपमा अघि बढ्न नसकेको, सङ्घीय सरकार स्थीर हुन नसकेको कारण प्रतिनिधि सभा २०८२ को निर्वाचन सम्पन्न भई नतिजा घोषणा भईसकेको नयाँ राष्ट्रिय परिवेशमा हामी आज यो नगरसभाको १८ औं अधिवेशन गरिरहेका छौं। सङ्घीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका सम्मको मुलुकको परिवर्तनका लागि र स्थीरता, देशको विकास एवम् भ्रष्टाचारको शुन्य सहनशीलताको माग राखी भएको जेनजी बिद्रोहमा शाहदात प्राप्त गर्ने सम्पूर्ण शहीदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

अब म नीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन तपाइहरुसमक्ष प्रस्तुत गर्दैछु। आर्थिक वर्ष २०८२/०८३ को प्रस्तुत नीति तथा कार्यक्रम एवम् सो का आधारमा भईरहेको हालसम्मको कार्यान्वयनको समीक्षा गर्दा नगरपालिकाले आफ्नो निर्धारित लक्ष्य अनुसार अधिकांश योजनाहरू सफलतापूर्वक कार्यान्वयन चरणमा रहेको ब्यहोरा तपाईं सभासदस्यहरु समक्ष सगौरब प्रस्तुत गर्न चाहन्छु। स्थानीय सरकार स्वमूल्यांकन प्रणालीमा

नगरपालिकाले निरन्तर उत्कृष्ठता कायम राख्दै राष्ट्रिय स्तरमा उदाहरणीय पहिचान बनाउन सफल भएको छ। यसले केवल हामीलाई गौरवान्वित मात्र बनाएको छैन, सम्पूर्ण नगरबासीका लागि विश्वास र अपेक्षाको आधार पनि तयार पारेको छ।

गत वर्षको नीति र कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी मित्रहरु, विषयगत विशेषज्ञ, विभिन्न सङ्घसंस्था, साझेदार तथा नगरवासीहरूको योगदान अतुलनीय रहेको छ। बालमैत्री नगर घोषणाका कार्यक्रमहरू निरन्तर अघि बढिरहेका छन् र यस वर्ष बालबालिकाको सहभागिता, सुरक्षा, शिक्षा र स्वास्थ्य सुनिश्चित गर्ने उद्देश्यले थप क्रियाकलापहरु सञ्चालन गरी बालमैत्री नगर घोषणा उन्मूख अवस्थामा पुगेकोछ। नगरका १४ वटै वडामा खानेपानी र सरसफाइ व्यवस्थापन प्रणाली सुधार गर्ने कार्य निरन्तर अघि बढिरहेकोछ।

चालू बर्षको पौष मसान्तसम्ममा नगरका १४ वटै वडामा खानेपानीको मर्मतसम्भार र नयाँ आयोजनाहरु आवश्यकता पहिचान वडास्तरमै अनुगमन, आवश्यकता पहिचान र कार्यशाला सम्पन्न गरी आयोजनाहरु छनौट गरिएकोछ। यो पहिचानबाट नगरपालिकाभित्रको खानीपानीको आवश्यकता सम्पूर्ण रुपमा पुराहुने लक्ष्य राखिएकोछ। यस आयोजना अन्तर्गत नगरका विभिन्न वडामा पाइपलाइन विस्तार, पुराना पाइपलाइनको मर्मत तथा सुधार, जलाशय र ट्याङ्की निर्माण, वितरण प्रणालीको स्तरबृद्धि, नियमित आपूर्ति र गुणस्तर परीक्षण सहितको समग्र व्यवस्था लागू गरिनेछ। प्रत्येक वडामा पानीको नियमित आपूर्ति सुनिश्चित गरिनेछ र पिउन योग्य पानीको गुणस्तर परीक्षण तथा आवश्यक ट्रिटमेन्ट मार्फत सुरक्षित आपूर्ति हुने छ। नीलकण्ठ नगर खानेपानी, सरसफाई तथा स्वच्छता बोर्डमार्फत नगरपालिकाको दीगो विकास, स्वास्थ्य सुरक्षा र नागरिकको जीवनस्तर सुधार गर्ने प्रमुख कार्यक्रम हुनेछ।

सडक र पूर्वाधार क्षेत्रमा पनि यस वर्ष थप योजना लागू गरिएको छ। नगरपालिकाले वडास्तरका सडक मर्मत, कालोपत्रे, सडक विस्तार र संरचना सुधारमा निरन्तरता दिइरहेकोछ। सङ्घ र प्रदेश सरकारसँगको समन्वयमा रणनीतिक सडक निर्माण र मर्मतलाई प्राथमिकता दिइनेछ। यसले नगर क्षेत्रभित्र आवागमन सजिलो बनाउने, आर्थिक गतिविधिमा सहुलियत पुऱ्याउने र विकासको गति तीव्र बनाउने कार्यमा ठूलो योगदान दिने अपेक्षा गरिएकोछ।

कृषि र पशुपालन क्षेत्रमा नगरपालिकाले व्यावसायिकता प्रवर्द्धन गर्दै उत्पादन, बजारीकरण र आत्मनिर्भरता सुनिश्चित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। १४ वटै वडामा मोबाइल भेटेरिनरी सेवा उपलब्ध भईरहेकोछ। साथै, नगरमा उत्पादन हुने कृषि तथा पशुपालन वस्तुहरूको बजार व्यवस्थापनमा सहयोग र समन्वय गर्दै स्थानीय उपभोगलाई प्रोत्साहन गरिनेछ। हरेक वडामा माटो परीक्षण गरी उपयुक्त बाली र उत्पादन प्रवर्द्धनका योजना बनिरहेकाछन्।

स्वास्थ्य क्षेत्रमा यस वर्ष पनि सेवाको पहुँच विस्तार निरन्तर भैरहेकोछ। टोल-स्तर स्वास्थ्य जाँच, स्वास्थ्य विमा कार्यक्रम, मेयर जनता स्वास्थ परिक्षण कार्यक्रम अन्तर्गत घर-घर सेवा, विशेषज्ञ सेवा, टेलिमेडिसिन सेवा र आवश्यकता अनुसार आपतकालीन स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ। वृद्ध, अपांगता भएका नागरिक, गरिव तथा लक्षित समूहलाई आवश्यक स्वास्थ्य सहायता निरन्तर उपलब्ध गराइनेछ। निःशुल्क औषधी वितरण, रोग रोकथाम कार्यक्रम र नागरिक सचेतना कार्यक्रमलाई अझ प्रभावकारी बनाउने गरी काम भैरहेकोछ।

कक्षा १२ सम्म निःशुल्क शिक्षा लागू भइसकेको छ। विश्वविद्यालय शिक्षा, प्राविधिक शिक्षा, एमफिल र पीएचडी अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति र अनुसन्धान सहयोग प्रदान गरिदैंछ। नगरमा स्थापित नीलकण्ठ बहुमुखी क्याम्पसलाई पूर्वाधारयुक्त र गुणस्तरीय शिक्षा उपलब्ध गराउने अभियानमा नगरपालिकाले सक्रिय योगदान दिइरहेको छ।

विद्यालयको व्यवस्थापकीय क्षमता सुधारका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अन्य सरोकारवालासँग नियमित क्षमता विकास कार्यक्रम सञ्चालन भैरहेको छ। यस वर्षदेखि प्रत्येक विद्यालयमा गुणस्तरीय शिक्षा मूल्याङ्कन र प्रोत्साहन प्रणाली अनुरुप एसइइमा ४ जिपीए ल्याउने बिद्यार्थीलाई जनही ५० हजार र सत प्रतिशत नतिजा ल्याउने बिद्यालयहरुलाइ प्रति बिद्यालय ४ लाखका दरले गुणस्तर प्रोत्साहन बितरण गरिएकोछ। बिश्वबिद्यालय शिक्षा अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई दलित, गरिब तथा जेहन्दार बिद्यार्थी छात्रबृत्ति कार्यक्रम अन्तर्गत मेडिकल शिक्षा, इन्जिनियरीङ शिक्षा अध्ययन गरिरहेका र अन्य बिधाका जेहन्दार बिद्यार्थीलाई क्याम्पसमा लाग्ने शुल्क बराबरको छात्रबृत्ति उपलब्ध गराइ निःशुल्क र गुणस्तरीय शिक्षा नीतिलाई प्रभावकारी कार्यान्वय गरिएकोछ।

रोजगार र उद्यमशीलता प्रवर्द्धनमा मेयर उद्यमशीलता कार्यक्रमलाई थप सशक्त बनाइदैछ। विना धितो ऋण कार्यक्रम अन्तर्गत व्यक्तिगत र सामूहिक उद्यमशीलता कार्यक्रम सञ्चालनमा छन्। यसमार्फत प्रति व्यक्ति रु २ लाख, धितोमा सहुलियत ऋण १५ लाख सम्म र सामुहिक परियोजनामा ३० लाखसम्म सहुलियत ऋण उपलब्ध गराइने नीति कार्यान्वयनमा रहेको छ। स्थानीय स्तरमा स्वरोजगार र उद्यमशीलता प्रवर्द्धनका लागि आवश्यक प्रशिक्षण, बजार पहुँच र वित्तीय साक्षरता कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भइरहेका छन्।

नगरक्षेत्रमा रोजगारी सृजना हुन सक्ने सवै योजना र कार्यक्रमलाई एकीकृत गरी नीलकण्ठ नगरपालिकाको रोजगार नीति यसै सभाबाट लागू गर्रिंदैछ। नीलकण्ठ नगरक्षेत्र भित्रका श्रमशक्तिलाई रोजगारी अवसरमा पहिलो प्राथमिकता दिइनेछ। नगरपालिका, सम्बन्धित नीजि, सार्वजनिक निकाय र उद्योग ब्यवसायहरुमा समेत स्थानीयलाइ प्राथमिकता दिने गरी प्रोत्साहन, प्रवर्धन गर्न अभिप्रेरित गरिनेछ। नगर क्षेत्रमा सृजना हुने कुनैपनि रोजगारीमा सुरक्षित, मर्यादित र शोषणरहित ब्यवहारको

सुनिश्चितता गरिनुका साथै नीलकण्ठ नगरक्षेत्रभित्र दीर्घकालीन, उत्पादनशील र आयआर्जनमा योगदान गर्ने रोजगारीलाई बिशेष प्राथमिकता दिइएकोछ।

स्थानीय सीप, परम्परागत पेशा र दक्षतालाई रोजगारी सिर्जनासँग प्रत्यक्ष रुपमा जोडिनेछ। जुन ब्यक्तिमा जस्तो सीप छ, सोहि सीपलाइ अभिबृद्धी गर्ने तालिम दिइ ब्यवसायीक प्रवर्धन एवम् रोजगारीमा स्थानान्तरण सहयोग गरिनेछ। स्वोरोजगार, साना/घरेलु उद्योग, नीजि क्षेत्र र सहकारीलाई रोजगारीको आधारका रुपमा लिइनेछ। रोजगारी सृजना गर्ने त्यस्ता क्षेत्रलाइ प्रोत्साहन गर्न साझेदारी, अनुदान र प्रविधि हस्तान्तरण जस्ता गतिविधिमा सहायता उपलब्ध गराइनेछ। युवाहरुलाई देशमै सम्मानजनक आयआर्जन एवम् रोजगारीको बातावरण सृजना गर्न युवा लक्षित सीप, रोजगारी र उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।

महिलाको आर्थिक सशक्तिकरणका लागि सुरक्षित, लचिलो र महिलामैत्री रोजगारी प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ। महिलाहरुको रुची र अवस्था अनुसारका तालिम कार्यक्रमहरु सञ्चालन गरी बिउपूँजी सहयोग, प्रबिधि हस्तान्तरण, टेवा, सहुलियत ऋण तथा घुम्तीकोष जस्ता आर्थिक योगदानका कार्यक्रम सञ्चालन गरिनेछ। दलित, आदिवासी, अपाङ्गता भएका व्यक्ति, विपन्न र पछाडि परेका वर्गलाई रोजगारीमा बिशेष प्राथमिकता दिई समावेशीतामा आधारित अवसर र उद्यमलाइ प्रोत्साहन गरिनेछ।

नगरक्षेत्रको कृषि, पर्यटन, वन, उद्योग, मुल्यश्रृंखला र सेवा क्षेत्रमा आधारित रोजगारी सिर्जना गर्न जोड दिइनेछ। यसका लागि स्थानीय सम्भाब्य श्रोत-साधनको पहिचान गरी रोजगार तथा उद्यमशीलता विकास रणनीतिक योजना तयार गरिनेछ। निजी क्षेत्रसँग साझेदारी र सहकार्यमार्फत रोजगारी सिर्जना गर्न आवश्यक रणनीति तयार गरिनेछ। सहकारी र सामुदायिक संस्थालाई रोजगार सिर्जनाको माध्यम बनाउने गरी ती संस्थाहरुले गर्ने रोजगारमूलक कृयाकलापहरुमा सहकार्य, सहलगानी एवम् साझेदारी गरिनेछ।

सुरक्षित वैदेशिक रोजगारीका लागि परामर्श, पूर्वप्रशिक्षण तथा कानूनी प्रकृयाका लागि सहजीकरण गर्दै बैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको दक्षता र अनुभवमा आधारित व्यवसाय प्रवर्धन र रोजगारी पुनर्स्थापन गर्न आवश्यक वातावरण तयार गरिनेछ। युवाहरुलाइ बैदेशिक रोजगारीको सुरक्षित बिकल्प तयार गर्न उनीहरुको रुची, दक्षता र क्षमतामा आधारित काम तथा ब्यवसाय प्रवर्धन गर्न सहयोग गरिनेछ।

नीलकण्ठ नगरक्षेत्रभित्र बालश्रम र जबर्जस्ती श्रम निषेधित नगरपालिका बनाउन आवश्यक नियमन र अनुगमन गरी बालश्रम तथा जबर्जस्ती श्रम निषेधित नगरपालिका घोषणा गरिनेछ।

नीलकण्ठ नगरक्षेत्रलाइ आइटी हबका रुपमा बिकसित गर्न नगरक्षेत्रका क्याम्पस तथा बिद्यालयहरुमा आइटी बिषय तथा कार्यक्रम थप गर्ने, नगरक्षेत्रका आइटी पढ्ने जनशक्तिलाई ब्यवसायीक सहायता तथा फिलोशीप प्रदान गर्ने, डिजिटल, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित ब्यवसायलाइ प्रबर्धन गरी रोजगारी सृजनाको आधार तय गरिनेछ।

नीलकण्ठ नगरपालिकाले रोजगार कार्यक्रमको प्रभावकारिता, दिगोपन र गुणस्तर सुनिश्चित गर्न **नगर क्षेत्रमा उपलब्ध रोजगारीको नक्शांकन, सरोकारवालासँगको समन्वय, नियमित अनुगमन र सिकाई क्रियाकलाप**लाई बिशेष प्राथमिकता दिने कार्य निरन्तरता हुनेछ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

नगरपालिकाले सबै नागरिकलाई समावेश गर्ने दिगो विकासमा विशेष जोड दिएको छ। बालमैत्री नगर, महिला सशक्तिकरण, दलित उत्थान, लक्षित समुदाय र अपांगता भएका नागरिकका लागि विशेष कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भैरहेकाछन्।

महिला संग महिला जनप्रतिनीधि कार्यक्रम, गृहिणी महिला कार्यक्रम, महिला सञ्जालको गतिबिधि, रोजगारी, स्वास्थ्य, प्रजनन स्वास्थ्य र पहुँच सुनिश्चित कार्यक्रमहरू सम्बन्धित बिषयगत क्षेत्रसंगको समन्वयमा निरन्तर सञ्चालन भइरहेको छ। दलित समुदायका लागि विशेष बजेट र क्रियाकलापहरू पनि निरन्तर भैरहेकाछन्। शहिद, बेपत्ता र आन्दोलनका घाइते परिवारलाई आवश्यक पुनर्स्थापना र विकास कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ।

नगरपालिकाले बालमैत्री, महिला, दलित र लक्षित समुदायको पहुँच, अधिकार र सेवाको सुनिश्चितता पनि प्राथमिकतामा राखेको छ। महिला सशक्तिकरण, दलित उत्थान, अपांगता पहूँच र सामाजिक सुरक्षा कार्यक्रमहरू अझ प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ। यसअन्तर्गत महिला, बालबालिका, वृद्ध, द्वन्द्वपीडित, फरक क्षमता भएका नागरिक र सीमान्तकृत समुदायका लागि लक्षित कार्यक्रमहरू सञ्चालन हुनेछन्।

खेलकूद र पर्यटनको प्रवर्द्धनमा पनि यस वर्ष महत्वपूर्ण योजना कार्यान्वयन हुँदैछन्। धादिङवेसी खुल्लामञ्चलाई बहुआयामिक खेल मैदान र सभास्थलको रूपमा विकास गर्ने नीति अनुरुपको निर्माण कार्य अन्तिम चरणमा पुगेकोछ। खेलकूद कार्यक्रम, खेलाडी प्रोत्साहन र खेल संरचना निर्माणमा आवश्यकता र श्रोतले धानेसम्मका काम प्रभावकारी रुपमा भैरहेकाछन्। पर्यटन प्रवर्द्धनका लागि नीलकण्ठेश्वर पार्क, कुमाल संग्रहालय, भैरवी मन्दिर, ५०० वर्ष पुरानो ऐतिहाँसिक रामकोट दरवार, ज्वालामुखी मन्दिर, सल्लाघारी पार्क, शहिद मुकुन्दसेन स्मृती पार्क, जलमुखी मन्दिर, छोइलिङ गुम्बा,

भ्यूटावर, बाघवच्छला मन्दिर, पौवा दरवार तथा सांस्कृतिक संग्रालय, सुन्दरादेवी मन्दिर, रिजालथोक भगवती मन्दिर, मालिका मन्दिर तथा डाइमन्ड पार्क र अन्य पर्यटकीय स्थलहरूलाई आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षक बनाउने गरी काम भैरहेकाछन्। भंगेरी भैरव मन्दिर, भंगेर चूली पर्यटकीय प्रवद्धन, पात्ले चूली, स्थानीय जातजाति समेटिएको संग्रालय, बञ्जीजम्म पूल र प्याराग्लाइडिङ, संसारी डाँडा भ्यूपार्क, रक्तकालिका मन्दिर, ढाँडदेवी मन्दिर, महादेव मन्दिर कटहरे, रामशाह चौतारो, भैरवी पदमार्ग (घुमाउने डाँडा-रघुनाथ मन्दिर-भैरवी मन्दिर-गुसेश्वरी हुदैं बज्रयोगिनीसम्म), जोगिगुफा बुढीचुली पदमार्ग, नारायण चौतारा, बह्मायण मन्दिर, शंखादेवी मन्दिर, जुम्मेडाडा भ्यू, हिमालयन ग्रेटवालः देउराली-जुम्रेडाडा-चाम भञ्जाङ, बिपि गाउँ साइक्लिङ, सोमनाथ पार्क, कृष्ण मन्दिर मनकामना मन्दिर पार्क, ससाह देउराली जेष्ठ नागरिक पार्क, साँघुटार-गायत्रीदेवी-मनकामना, मन्दिर-रामकोट दरवार हाइकिङ ट्रेल, चमेरे गुफा, लामागुरु तुरुचे कैलाश मन्दिर, तारादेवी मन्दिर, जुरेथुम बागेश्वरी मन्दिर, पात्ले धुसेनी काउले होमस्टे कार्यक्रम, साइक्लिङ, हाईकिङ र अन्य पर्यटकीय गतिविधिहरू प्रवर्द्धन गर्न सम्भाव्यताको नक्सांकन भैरहेकोछ।

वातावरण संरक्षण र दीगो विकासका लागि नगरपालिकाले वातावरणमैत्री योजना कार्यान्वयनमा जोड दिएकोछ। नगरपालिकाका सम्पूर्ण योजना तथा आयोजना वातावरण, जलवायु र जलाशयमैत्री पूर्वाधारमा आधारित हुनेछ। फोहोर व्यवस्थापन, कम्पोष्ट मल उत्पादन, हरित क्षेत्र प्रवर्द्धन र सामुदायिक वन व्यवस्थापनमा सहभागिता सुनिश्चित गरिनेछ।

सूचना प्रविधि, सञ्चार व्यवस्थापन र पारदर्शिता सुनिश्चित गर्न नगरपालिकाले रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अनलाइन सञ्चार माध्यमसँग सहकार्य गर्दै पत्रकार क्षमता विकास, लेखनबृत्ति र नीलकण्ठ नगर विकास पत्रकारिता पुरस्कार कार्यक्रम निरन्तर हुँदैछ। स्थानीय स्तरमा सञ्चालन हुने **एफ.एम. रेडियोको व्यवस्थापन, नियमन तथा उत्तरदायित्व सुनिश्चित गर्ने नीति** अनुरुप कार्यहरु नियमित हुनेछन्। नगरक्षेत्रभित्रका **विज्ञापन सामग्रीको व्यवस्थापन, बजार सौन्दर्य, वातावरणीय सन्तुलन तथा सार्वजनिक सुरक्षालाई ध्यानमा राखी विज्ञापन नियमन** कार्यान्वयन गरिदैछ।

नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व प्रणालीलाई थप मजबुत बनाई बजेट तर्जुमा, खर्च व्यवस्थापन, लेखा परीक्षण तथा बेरुजु न्यूनिकरणमा स्पष्ट नीतिगत सुधार गरिनेछ। नगरपालिकाको प्रशासनमा जबाफदेही, पारदर्शी र सहभागी संरचना कायम राख्न सूचना तथा संचार प्रविधिको प्रयोग बढाइनेछ।

विपद् व्यवस्थापन क्षेत्रमा नगरपालिकाले आपतकालीन राहत, स्वयंसेवक व्यवस्थापन, नगर प्रहरी र फायर फाइटरको क्षमता विकास तथा पूर्वाधार निर्माणमा निरन्तरता दिइनेछ। विपद् न्यूनिकरणमैत्री

पूर्वाधार निर्माण, विपद् कोष व्यवस्थापन र जोखिम न्यूनीकरण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।

नगरपालिकाले सम्पूर्ण योजनाहरूको अनुगमन, मूल्याङ्कन र कार्यसम्पादन प्रतिवेदन तयार पारेर समयमै सार्वजनिक गरिनेछ। नीति तथा कार्यक्रम केवल घोषणा मात्र नगरी सो नीति कार्यान्वयनमा दृढ अठोट र प्रतिबद्धताका साथ समिक्षा प्रतिवेदनको रूपमा प्रस्तुत गरिएको छ। नगरपालिकाले आवधिक योजना, योजना बैंक, बिषयगत रणनीतिक योजनाहरु र कार्यान्वयन कार्ययोजना अनुरूप सबै कार्यक्रमहरू समयमै, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने नै छ।

नीलकण्ठ नगरपालिकाको बार्षिक नीतिको यस समिक्षाले नगरपालिकाका प्रत्येक कार्यक्रम, योजना र पहलमा नगरबासीको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्दै स्वास्थ्य, शिक्षा, रोजगार, पूर्वाधार, सामाजिक सुरक्षा, खेलकूद, पर्यटन र वातावरणमैत्री विकासको दिशामा अग्रसर हुने बिश्वास व्यक्त गर्दछु। नगरपालिकाको दीगो विकास, समावेशी सेवा प्रवाह र पारदर्शिता सुनिश्चित गर्दै सम्पूर्ण नगरवासीको जीवनस्तर सुधार गर्ने हाम्रो लक्ष्य निरन्तर अघि बढिरहनेछ। सम्पूर्ण नगरवासी, कर्मचारी, विषयगत विशेषज्ञ, साझेदार सङ्घसंस्था, सङ्घ र प्रदेश सरकार तथा दातृ निकायको योगदान र सहकार्यको लागि हार्दिक कृतज्ञता व्यक्त गर्दछु। हामी शिक्षा, स्वास्थ्य, रोजगार, उद्यमशीलता, बालबालिका र महिला सशक्तिकरण, समाजिक समावेशीकरण, पूर्वाधार, वातावरण संरक्षण, खेलकूद, पर्यटन प्रवर्द्धन, सुशासन र पारदर्शिता जस्ता सबै क्षेत्रमा दिगो र समावेशी विकासका लागि प्रतिबद्ध छौं। यस नीति तथा कार्यक्रम समिक्षा प्रतिवेदन मार्फत म नीलकण्ठ नगरपालिकालाई शिक्षित, सशक्त, समुन्नत र दीगो नगरको रूपमा स्थापित गर्ने हाम्रो दृढ अठोट पुरा गर्ने प्रण  गर्दछु। तपाईंहरूको निरन्तर साथ, सहयोग र पृष्ठपोषणको लागि हार्दिक धन्यवाद।

**जय नीलकण्ठ ! जय नेपाल !**

**भीमप्रसाद ढुंगाना,**
नगर प्रमुख,
नीलकण्ठ नगरपालिका,
धादिङवेसी, धादिङ।

मिति २०८२ साल चैत्र १५ गते आईतवार।

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, धादिङ

**नगरसभाको अठारौं अधिवेशन**

**पहिलो बैठक**

**नीलकण्ठ नगरपालिकाको अठारौं अधिवेशनमा**

**प्रस्तुत आ.व. ०८१/८२ र चालू आ.व.को चैत्र १४ गतेसम्मको बजेट कार्यान्वयनको समिक्षा प्रतिवेदन तथा विभिन्न नीति तथा विधेयक पेशगर्ने प्रस्ताव**

**मितिः २०८२/१२/१५**

**श्री नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सचिवज्यू, नगरसभाका सदस्यज्युहरु,**
**एवम् कर्मचारी मित्रहरु तथा पत्रकारज्यू,**

आज हामीहरु नीलकण्ठ नगरपालिकाको अठारौं अधिवेशनमा उपस्थित भएका छौं। आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु। यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन तथा जेनजी आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु। साथै सम्पुर्ण घाइते योद्धा तथा पिडित परिवार प्रति सम्मान व्यक्त गर्दछु। राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु। मुलुकमा संघीयता कार्यान्वयन संगसंगै हामी निर्वाचित भएको अवधि देखी नै नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम् सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ। यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सहयोग पुऱ्याउनुहुने सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु, पत्रकार, नागरिक समाज तथा नगरबासी लगायत सवै सरोकारवाला निकायको उच्च मूल्याङकन गर्दछु। आगामी दिनमा पनी सबै सरोकारवालाहरुको पुर्णरुपमा सहयोगको अपेक्षा गर्दछु।

**<u>नगर सभा अध्यक्षज्यू,</u>**

अब म गत आर्थिक वर्ष २०८१/८२ को बजेट तथा खर्चको यथार्थ विवरण र चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको अवस्थाको विवरण प्रस्तुत गर्दछु।

१. गत आर्थिक वर्ष २०८१/०८२ को कुल विनियोजित बजेट रु. १,२२,९३,९२,४००।०० भएकोमा आर्थिक वर्षको अन्तसम्ममा खर्च रु.९९,२५,५९,५५८।५० रहेको थियो, जुन विनियोजनको आधारमा ८०.७३ प्रतिशत खर्च भएको देखिन्छ। चालू र पूँजीगत खर्चलाई छुट्टाछुट्टै हेर्दा चालू तर्फ विनियोजन भएको रकम मध्ये ८७.४१ प्रतिशत र पुजिगत तर्फ विनियोजित मध्ये ६५.२९ प्रतिशत खर्च भएको थियो। उक्त खर्च सन्तोषजनक देखिएपनी सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुनेगरी आंकलन गरिए जती सवै रकम प्राप्त नहुनु, केही योजना समयमै सम्पन्न हुन नसकी भुक्तानी बाँकी हुनु, आन्तरीक आय प्रक्षेपण अनुसार प्राप्त नहुनु आदी कारणबाट अपेक्षाकृत प्रगति हासिल गर्न नसकिएको देखिन्छ।

२. नगरसभाको सत्रौं अधिवेशनमा आर्थिक वर्ष २०८२/०८३ को लागि पेश गरिएको बजेट रु. १,२२,९३,०५,०००/- मा आवश्यक संशोधन सहीत चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी विनियोजित कुल बजेट रु. १,२५,९७,२२,६६३/- भएकोमा मिति २०८३ चैत्र १४ गते सम्मको खर्च रु. ७०,४२,६१,८१४।०३ रहेको छ, जुन विनियोजनको आधारमा ४४.०९ प्रतिशत खर्च भएको देखिन्छ। यस अवधिको खर्चमा चालू खर्चको अंश ५५.४१ प्रतिशत र पूँजीगत खर्चको अंश १७ प्रतिशत देखिन्छ। पूँजीगत अंशको खर्च प्रतिशत कम हुनुमा पूर्वाधार आयोजनाहरु कार्यान्वयनमा क्रममा रहेको र भुक्तानी लिन बाँकी रहेकाले भएको देखिन्छ। विषयगत क्षेत्रका आधारमा हेर्दा हालसम्म आर्थिक विकास क्षेत्रमा १० प्रतिशत, सामाजिक विकास क्षेत्रमा ६०.४२ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा १७.६ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ४४.२८ र कार्यालय सञ्चालन र प्रशासनीक तर्फ ४३.४६ प्रतिशत खर्च भएको छ।

३. चालू आ.व. २०८२/०८३ मा नगरपालिकाको आन्तरीक आयको प्रक्षेपण छ करोड रुपैयाँ गरिएकोमा २०८३ चैत्र मसान्तसम्मको आन्तरीक आय रु. २,७३,०९,९५०।२८ संकलन भएको छ जुन अनुमानको आधारमा ४५.५१ प्रतिशत रहेको छ। यसले हामी थप जिम्मेवार र क्रियाशिल भई बजेट कार्यान्वयनमा लागू पर्नेकुरालाई इंकित गरेको छ। राजश्व सुधार कार्ययोजना बमोजिमका कार्यहरुमा थप सजग भई सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ।

समानिकरण अनुदान तर्फ सङ्घबाट रु. २१,०७,००,०००।- अख्तियारी भएकोमा हालसम्म १५,८०,२५,०००।- अर्थात ७५ प्रतिशत मात्र प्राप्त भएको र प्रदेशबाट रु. २,३४,५२,०००।- अख्तियारी भएकोमा हालसम्म रु. १,१७,२६,०००।- अर्थात ५० प्रतिशत मात्र प्राप्त भएको छ।

राजश्व बाँडफाँड तर्फ सङ्घबाट प्राप्त हुने रु. १३,०४,६४,४१९।- आकलन भएकोमा हालसम्म ७,७५,७५,०५१।- अर्थात ५९.५०% प्राप्त भएको र प्रदेशबाट प्राप्त हुने रु. ५,९७,१३,७०५।- आंकलन भएकोमा हालसम्म रु. २,४२,८४,४१४।- अर्थात ४०.७०% प्राप्त भएको छ। राजश्व बाँडफाँड स्थानीय मालपोतमा तर्फ बजेटमा रु. ११,५३,८९,६५८।- आँकलन गरिएकोमा हालसम्म रु. ७६,३७,६९९।- अर्थात ६.६०% मात्र प्राप्त भएको छ। यो सवै अवस्था हेर्दा आंकलन गरेबमोजिम अनुदान तथा राजश्व नआउने प्रष्ट देखिएको हुँदा आर्थिक व्यवस्थापन गर्ने पाटो जटिल हुने अवस्थाको चित्रण भएको देखिन्छ। यसको व्यवस्थापनको लागि सवैको सहकार्य र सकारात्मक सहयोग आवश्यक देखिन्छ।

**नगर सभा अध्यक्षज्यू,**

अब म यस सम्मानित सभामा विभिन्न नीति तथा विद्येयकहरु प्रस्तुत गर्दछु।

१. **नीलकण्ठ नगरपालिकाको रोजगार नीति, २०८२**

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र नगर सभाका सदस्यज्यू,

नगरपालिकामा रोजगारी सृजना तथा अवसर बढाई वेरोजगारीको अन्त्य गर्नका लागि तयार भएको नीलकण्ठ नगरपालिकाको रोजगार नीति, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

प्रस्ताव गरिएको नीतिले रोजगारी सृजना हुन सक्ने सवै योजना र कार्यक्रमलाइ एकीकृत गरी यस रोजगार नीतिले रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्न प्रोत्साहन गरेको र नीलकण्ठ नगरक्षेत्र भित्रका श्रमशक्तिलाई रोजगारी अवसरमा पहिलो प्राथमिकता दिने प्रस्ताव गरेको छ। नगरपालिका, सम्वन्धित निजि, सार्वजनिक निकाय र उद्योग ब्यवसायहरुमा समेत स्थानीयलाई प्राथमिकता दिने गरी प्रोत्साहन, प्रवर्धन गर्न अभिप्रेरित गरी नगर क्षेत्रमा सृजना

हुने कुनैपनि रोजगारीमा सुरक्षित, मर्यादित र शोषणरहित ब्यवहारको सुनिश्चितता गरिनुका साथै नीलकण्ठ नगरक्षेत्रभित्र दीर्घकालीन, उत्पादनशील र आयआर्जनमा योगदान गर्ने रोजगारीलाई बिशेष प्राथमिकता दिने कुरा प्रस्तुत नीतिमा उल्लेख गरिएको छ।

स्थानीय सीप, परम्परागत पेशा र दक्षतालाई रोजगारी सिर्जनासंग प्रत्येक्ष रुपमा जोड्दै जु व्यक्तिमा जस्तो सीप छ, सोही सीपलाई अभिवृद्धि गर्ने तालिम दिई व्यवसायीक प्रवर्द्धन एवम् रोजगारीमा स्थानान्तरण सहयोग गर्न हाम्रा कार्यक्रमहरु केन्द्रित हुनेछन।

युवाहरुलाई बैदेशिक रोजगारीको सुरक्षित बिकल्प तयार गर्न उनीहरुको रुची, दक्षता र क्षमतामा आधारित काम तथा व्यवसाय प्रवर्धन गर्न सहयोग गर्ने गरी तयार भएको यस नीलकण्ठ नगरपालिकाको रोजगार नीति, २०८२ मा नगर सभाका सदस्यहरुवाट आवश्यक सुझावसहित यस नीतिलाई स्वीकृति गरिदिनु हुनेछ भनी सभा समक्ष पेश गरेको छु।

## २. वाल विवाह, बाल श्रम तथा बालबालिका विरुद्ध हुने हिंसा अन्त्य सम्बन्धी शुन्य सहनशीलता नीति, २०८२

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र  नगर सभाका सदस्यज्यू,

नीलकण्ठ नगरपालिकाको वाल विवाह, बाल श्रम तथा बालबालिका विरुद्ध हुने हिंसा अन्त्य सम्बन्धी शुन्य सहनशीलता नीति, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। बालबालिकालाई शिक्षा, स्वास्थ्य, संरक्षण, सहभागिता तथा सुरक्षित वातावरणमा हुर्कने अधिकार प्रदान गरिएको छ। प्रस्तुत नीतिले सामाजिक तथा आर्थिक कारणले बाल विवाह, बाल श्रम तथा बालबालिका माथि हुने हिंसा अझै पनि विद्यमान हुनसक्ने अवस्थालाई अन्त्यगरी नीलकण्ठ नगरपालिकालाई बाल अधिकारमैत्री स्थानीय सरकार बनाउन विभिन्न सूचकहरू पूरा गर्न मार्गदर्शन गर्दछ। वाल विवाह, वाल श्रम तथा वालवालिका माथि हुने सवै प्रकारका हिंसाको

अन्त्यका लागि "शून्य सहनशीलता नीति" अवलम्वन गर्ने उद्देश्यले पेश गरिएको यस नीतिमा नगर सभाका सदस्यहरुको अमूल्य सुझावसहित स्वीकृत गरिदिनु हुनका लागि सभासमक्ष पेश गरेको छु।

## ३. <u>एफ.एम.रेडियो (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२</u>

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र  नगर सभाका सदस्यज्यू,

नीलकण्ठ नगरपालिकाको एफ. एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

नेपालको संविधानको अनुसूची- ८ स्थानीय सरकारको एकल अधिकारको सूचीमा रहेको एफ.एम. सञ्चालन  सम्बन्धी विषय र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड (ग) मा रहेको एफ.एम. सञ्चालन सम्वन्धी व्यवस्थालाई यस नगरपालिकामा कार्यान्वयन गर्न आवश्यक देखिएको छ। उल्लिखीत कानूनले मार्गदर्शन गरे वमोजिम नीलकण्ठ नगरपालिकावाट १०० वाटसम्म क्षमता भएका एफ.एम रेडियो सञ्चालनको लागि अनुमती, नविकरण र नियमन गर्ने सम्वन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले तयार गरी प्रस्तुत गरिएको यस एफ.एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ मा नगर सभाका सदस्यहरुको अमूल्य सुझावसहित नेपालको संविधानको धारा २२६ (१) वमोजिम स्वीकृत गरिदिनुहुनका लागि सभा समक्ष पेश गरेको छु।

## ४. <u>विज्ञापन (व्यवस्थापन तथा नियमन) विधेयक, २०८२</u>

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र  नगर सभाका सदस्यज्यू,

नीलकण्ठ नगरपालिका क्षेत्र भित्र विज्ञापन करको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

नेपालको संविधान तथा प्रचलित कानून अनुसार विज्ञापन तत्ससम्बन्धी व्यवसाय तथा विज्ञापन करलाई व्यवस्थित गर्ने कार्य स्थानीय सरकारको कार्यक्षेत्र भित्र रहेको छ। नीलकण्ठ नगरपालिकाबाट वस्तु तथा सेवाको प्रचार प्रसार गरी बजार प्रवर्द्धन गर्न गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्न र विज्ञापन करको संकलन प्रक्रियालाई व्यवस्थित गर्नका लागि यो विधेयक तयार गरिएकाले यस विधेयकमा आवश्यक छलफल तथा अमूल्य सुझावसहित नेपालको संविधानको धारा २२६ (१) वमोजिम स्वीकृत गरिदिनुहुनका लागि सभा समक्ष पेश गरेको छु।

## ५. बालबालिका सम्बन्धी ऐन २०८०, मा पहिलो संशोधन गर्ने विधेयक, २०८२

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र नगर सभाका सदस्यज्यू,

नीलकण्ठ नगरपालिकामा वालवालिकाको हक अधिकार सुनिश्चित गर्दै उनिहरुको सर्वागिण विकासको लागि नगरसभाले २०८० सालमा बालबालिका सम्बन्धी ऐन जारी गरेको व्यहोरा सभालाई अवगत नै छ। उक्त ऐनमा केही व्यवस्थाहरु हेरफेर गर्नेगरी बालबालिका सम्बन्धी ऐन २०८०, मा पहिलो संशोधन गर्ने विधेयक, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

साविकको ऐनमा बाल अधिकार समितिमा रहनै पर्ने सरोकारवालाहरु छुट्न गएकाले सो समावेश गर्ने, वडा बाल अधिकार समितिको व्यवस्था गर्ने लगायतका प्रावधानहरु समेटेर पेश गरिएको यस विधेयकमा नगर सभाका सदस्यहरुको छलफल गरी अमूल्य सुझावसहित नेपालको संविधानको धारा २२६ (१) वमोजिम स्वीकृत गरिदिनुहुनका लागि सभा समक्ष पेश गरेको छु।

६. <u>नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ मा पहिलो संशोधन गर्ने विधेयक, २०८२</u>

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र  नगर सभाका सदस्यज्यू,

नीलकण्ठ नगरपालिकाको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिकतालाई मध्यनजर गर्दै यस भित्रका सबै भाषा, साहित्य, कला, सङ्गीत, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको उचित सम्वर्द्धन र आवश्यक विस्तार तथा विकास गर्नुपर्ने कुरालाई मनन गर्दै भाषा, साहित्य, कला, सङ्गीत, संस्कृति, दर्शनशास्त्र तथा समाजशास्त्रको विमर्श, अनुसन्धान एवम् मौलिक सिर्जनाका माध्यमबाट नवप्रतिभाहरुको प्रवर्द्धन गर्न, समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान्, अभियन्ता तथा अन्वेषकको सम्मान तथा कदर गर्नका लागि नगर सभाले २०७९ मा नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ जारी गरी नीलकण्ठ प्रज्ञा प्रतिष्ठानले आफ्ना गतिविधि गर्दै आएको व्यहोरा यस सम्मानीत सभालाई अवगत नै छ।

साविकमा जारी गरिएको ऐनमा केही व्यवस्थाहरुमा हेरफेर तथा थप घटको व्यवस्था सहित नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ मा पहिलो संशोधन गर्ने विधेयक, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

साविकको ऐनमा रहनै पर्ने केही विषयहरु परिभाषा खण्डमै छुटनै गएकाले सो समावेश गर्ने, व्यवहारिकरुपमा कार्य गर्दैगर्दा केही प्रावधान थप गर्नुपर्ने देखिएकाले उक्त प्रावधानहरुसमेटेर पेश गरिएको यस विधेयकमा नगर सभाका सदस्यहरुको आवश्यक छलफल गरी  अमूल्य सुझावसहित नेपालको संविधानको धारा २२६ (१) वमोजिम स्वीकृत गरिदिनुहुनका लागि सभा समक्ष पेश गरेको छु।

७. <u>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२</u>

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र  नगर सभाका सदस्यज्यू,

नीलकण्ठ नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

नेपालको संविधान तथा प्रचलित कानून अनुसार रही स्थानीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक क्रियाकलापलाई नियमित र व्यवस्थित गरी वित्तीय व्यवस्थापन प्रणालीलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था यस आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विद्येयकमा गरिएको छ। आर्थिक व्यवस्थापन र वित्तिय उत्तरदायित्वको पाटोलाई थप स्पष्ट र नतिजामूखी वनाउने गरी यो विद्येयक तयार गरिएकाले यस नगर सभाका सदस्यहरुवाट आवश्यक छलफल तथा अमूल्य सुझावसहित नेपालको संविधानको धारा २२६ (१) वमोजिम स्वीकृत गरिदिनुहुनका लागि सभा समक्ष पेश गरेको छु।

८. <u>दलित सशक्तिकरण विद्येयक, २०८२</u>

सभा अध्यक्षज्यू, सभाका सचिवज्यू र नगर सभाका सदस्यज्यू,

नीलकण्ठ नगरपालिकाको दलित सशक्तिकरण विद्येयक, २०८२ सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

नेपालको संविधान तथा प्रचलित कानूनले जातिय भेदभाव तथा छुवाछुतलाई जघन्य अपराधको रुपमा मानेको छ। जातिय रुपमा हुने विभेदलाई व्यवहारीक रुपमा अन्त्य गरी समतामूलक समाज निर्माणको लागि पछाडी परेका तथा पारिएका दलित समुदायलाई समाजको मुलधारामा समहित गरी सम्मानपूर्वक आत्मसम्मानसहितको जीवनयापन तथा आर्थिक रुपमा सशक्तिकरण गरी सक्षम वनाउने अभिप्रायले यो विद्येयक पेश गरिएको हो। नेपाली समाजमा ऐतिहासिक काल देखी दलित समुदायले भोग्दै आएका जातीय भेदभाव तथा छुवाछुत, वहिस्करण र वञ्चितकरणलाई अन्त्य गरी, दलित समुदायलाई अधिकार सम्पन्न गराउदै समानतामा आधारित समतामुलक समाज निर्माण गर्ने मूल अभिष्टका साथ नेपालको संविधानको धारा १८, धारा २४, धारा ४० र धारा ४२ मा उल्लिखित मौलिक हकलाई वास्तविक र व्यवहारिकरुपमा

अनुभुति हुने गरी नगरपालिकामा कार्यान्वयन गर्ने उद्देश्यले यो विधेयक तयार गरिएकाले यस विधेयकमा नगर सभाका सदस्यहरुको छलफल तथा अमूल्य सुझावसहित नेपालको संविधानको धारा २२६ (१) वमोजिम स्वीकृत गरिदिनुहुनका लागि सभा समक्ष पेश गरेको छु।

**नगर सभाका अध्यक्षज्यू,**

पेश गरिएका नीति तथा विधेयकहरु पारित गरी कार्यान्वयनमा लैजादा आम नगरवासीको हित सगै नगरपालिकाका आफ्ना कार्यहरुलाई थप व्यवस्थित गरी अगाडी बढाउन सहयोग मिल्ने विश्वास लिएको छु।

अन्तमा, समयमा नै बजेट तथा कार्यक्रम कार्यान्वयन तथा नीति र विधेयक तयार गर्न सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु र समग्र नगरवासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

जय नीलकण्ठ !

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नीलकण्ठ नगरपालिकाको १८ औं अधिवेशनका निर्णयहरुः

१. कार्यसूची स्वीकृत गर्ने सम्वन्धमाः,

यस नगरपालिकाको १८ औं अधिवेशन सञ्चालानर्थ देहाय वमोजिमको कार्य तालिका तथा समय तालिका स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

(कार्यविधिको दफा ७ को उपदफा (१) संग सम्बन्धित)

**नगरसभाको अठारौं अधिवेशन**

पहिलो बैठक वस्ने मितिः २०८२/१२/१५ गते

स्थानः सिटिहल, धादिङवेसी                                        समयः विहान १०:०० बजे

## नगर सभाको कार्यसूची

१. राष्ट्रिय गान
२. सभाको अधिवेशन प्रारम्भ
३. नगर प्रमुखबाट आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा पेश, छलफल र निर्णयार्थ पेश।
४. गत आर्थिक वर्ष २०८१/०८२ र चालू आर्थिक वर्षको हालसम्मको बजेट कार्यान्वयन समिक्षा पेश, छलफल र निर्णयार्थ पेश
५. नीतिहरु पेस, छलफल तथा निर्णयार्थ पेशः
   (क) वाल विवाह, बाल श्रम तथा बालबालिका विरुद्ध हुने हिंसा अन्त्य सम्बन्धी शुन्य सहनशीलता नीति, २०८२
   (ख) नीलकण्ठ नगरपालिकाको रोजगार नीति, २०८२
६. विद्येयकहरु पेस, छलफल तथा निर्णयार्थ पेशः
   (क) एफ.एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन) विद्येयक,२०८२
   (ख) विज्ञापन (व्यवस्थापन तथा नियमन) विद्येयक, २०८२
   (ग) बालबालिका सम्बन्धी ऐन २०८०, मा पहिलो संशोधन गर्ने विद्येयक, २०८२
   (घ) नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ मा पहिलो संशोधन गर्ने विद्येयक, २०८२
   (ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विद्येयक, २०८२

(च) नीलकण्ठ नगरपालिकाको दलित सशक्तिकरण विद्येयक, २०८२

७. बेरुजु फस्यौंट सम्बन्धी लेखा समितिबाट पेश भएको प्रस्ताव पेश, छलफल र निर्णयार्थ पेश।

८. विधायन समिति, सुशासन समिति, लेखा समिति र न्यायिक समितिबाट पेश भएको प्रतिवेदन उपर छलफल गरी आवश्यक सुझावसहित पेश भएका उक्त प्रतिवेदनहरु पारित गर्ने निर्णय गरियो।

अन्य विविध विषयहरुका सम्बन्धमा।

२. **<u>नगर सभाका एजेण्डाहरुका सम्वन्धमाः,</u>**

नीलकण्ठ नगरपालिकाको १८ औं अधिवेशन मिति २०८२ चैत्र १५ गतेका दिन वसेको नगरसभामा

देहायका विषयहरुमा छलफल तथा निर्णय गरियो।

**तपसिल**

१. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा प्रतिवेदनका सम्वन्धमाः,
२. प्रस्तुत आ.व.२०८१/०८२ र चालु आ.व.को चैत्र १४ गतेसम्मको वजेट कार्यान्वयनको समिक्षा प्रतिवेदन तथा विभिन्न नीति तथा विद्येयकका सम्वन्धमा।
३. चालु आ.व.२०८२/०८३ मा अनुमान गरिएको कुल वजेट सिमाको आकार स्वीकृत गर्ने सम्वन्धमाः,
४. विभिन्न विद्येयकहरुका सम्वन्धमाः,
५. वेरुजु फर्छौयट सम्वन्धमाः,
६. आ.व. २०७६/०७७ र २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी सम्परिक्षणका लागि सिफारिस गर्ने सम्वन्धमाः ,
७. विभिन्न प्रतिवेदनका सम्वन्धमाः,
८. विविध खर्च शीर्षकवाट भएको खर्च अनुमोदन गर्ने सम्वन्धमाः,
९. योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्वन्धमाः,
१०. न्यायिक समितिको प्रगती समिक्षाका सम्वन्धमाः,
११. करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्वन्धमाः,
१२. आर्थिक ऐन, २०८२ मा संशोधन सम्वन्धमाः,
१३. व्यवसाय नविकरण शुल्क तथा दररेटका समय सीमाको म्याद थप गर्ने निर्णय स्वीकृत गर्ने सम्वन्धमाः,
१४. नीलकण्ठ नगरपालिकाको आ.व.२०७६/०७७ को महालेखा परिक्षकद्वारा गरिएको लेखा परिक्षणको अन्तिम प्रतिवेदनको सामाजिक सुरक्षा तर्फको दफा ११२.१ का सम्वन्धमाः,
१५. चालु तथा पूँजिगत खर्चको समिक्षा गर्ने सम्वन्धमाः,
१६. योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सम्वन्धमाः,
१७. नगर कार्यपालिका वैठकका निर्णय तथा अन्य समितिहरुका निर्णय उपर समिक्षा गर्ने सम्वन्धमाः,

१८. स्रोत व्यवस्थापन तथा रकमान्तरका सम्वन्धमाः,
१९. योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सम्वन्धमाः,
२०. खानेपानी, सरसफाइ तथा स्वाच्छता व्यवस्थापन वोर्डको संगठन तथा व्यवस्थापन (Organization & Management) सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमाः,
२१. खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्डद्वारा निर्धारण गरिएको शुल्क तथा दररेट स्वीकृत गर्ने सम्वन्धमाः,
२२. खेलकुद प्रशिक्षकको दरवन्दी सृजना गरी नियूक्तिको प्रक्रिया अगाडि वढाउने सम्वन्धमाः,
२३. अर्थ विविधवाट कार्यान्वियन हुने योजना तथा कार्यक्रमका सम्वन्धमाः,
२४. राजश्व वापतको रकम कार्यान्वियन गर्ने सम्वन्धमाः,
२५. योजना सम्झौता तथा भुक्तानी गर्ने सम्वन्धमाः,
२६. दलित सशक्तिकरण ऐन,२०८२ का सम्वन्धमाः,
२७. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमाः,
२८. योजना तथा कार्यक्रम कार्यान्वियनका सम्वन्धमाः,
२९. अर्थ विविधवाट कार्यान्वियन हुने योजना तथा कार्यक्रमका सम्वन्धमाः,
३०. सेवा तथा परामर्श खरिद गर्ने सम्वन्धमाः,
३१. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमाः,
३२. दरवन्दी थप गर्ने सम्वन्धमाः,

## नगर अधिवेशनका निर्णयहरु

### १. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा प्रतिवेदनका सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट चालु आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा एवम् आर्थिक ऐन तथा विनियोजन ऐन, २०८२ का सम्वन्धमा कार्य प्रगति सहितको नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

### २. प्रस्तुत आ.व.२०८१/०८२ र चालु आ.व.को चैत्र १४ गतेसम्मको वजेट कार्यान्वयनको समिक्षा प्रतिवेदन तथा विभिन्न नीति तथा विद्येयकका सम्वन्धमा।

नीलकण्ठ नगरपालिकाको गत आ.व. २०८१/०८२ र चालु आ.व.को चैत्र १४ गते सम्मको वजेट कार्यान्वयनका सम्वन्धमा भएको कार्यप्रगतिसहितको समिक्षा प्रतिवेदन एवम् नगरपालिकाको दैनिक प्रशासनिक कार्यसम्पादनका लागि आवश्यक रही तयार भएको विभिन्न नीति तथा विद्येयकका सम्वन्धमा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

**३. चालु आ.व.२०८२/०८३ मा अनुमान गरिएको कुल वजेटको आकार स्वीकृत गर्ने सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकाको चालु आ.२०८२/०८३ मा कार्यान्वयन हुने गरी स्वीकृत नीति, कार्यक्रम तथा वजेट पुस्तिकामा क्षेत्रगत वाँडफाँड सहित कुल वजेट १,२५,९७,२२,६६३।- (अक्षेरुपी एक अरव पच्चिस करोड सन्तानब्वे लाख वाइस हजार छ सय त्रिसठ्ठी रुपैया) कायम गरिएकोमा नेपाल सरकार संघीय सर्सत अनुदान चालु नगद (आन्तरिक ऋण) स्रोत अन्तरर्गतको कार्यक्रम शीर्षक मृगौला प्रत्यारोपण गरेको डायलाइसिस गराइरहेका क्यान्सार रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च वापत मासिक रु ५०००।- (अक्षेरुपी पाँच हजार) का दरले उपलब्ध गराइने रकम रु ३२,२०,०००।- (अक्षेरुपी वत्तिस लाख विस हजार) थप भइ आएको हुँदा कुल संशोधित वजेट १,२६,२९,४२,६६३।- (अक्षेरुपी एक अरव छब्विस करोड उन्नतिस लाख वयालिस हजार छ सय त्रिसठ्ठी रुपैया) कायम भएकोमा सोही संशोधित कुल वजेट स्वीकृत गरी कुल क्षेत्रगत वाँडफाँड सहितको रकम कायम गर्ने निर्णय गरियो।

**४. विभिन्न विद्येयकहरुका सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालन तथा नगरलाई व्यवस्थित र नागरिकमैत्री स्थानीय सरकारको रुपमा सञ्चालन गर्न आवश्यक रहेका देहाय वमोजिमका विद्येयकहरु उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

१. एफ.एम.रेडियो (सञ्चालन तथा व्यवस्थापन) विद्येयक,२०८२
२. विज्ञापन (व्यवस्थापन तथा नियमन) विद्येयक,२०८२
३. वालवालिका सम्वन्धी ऐन, २०८० मा पहिलो संशोधन गर्ने विद्येयक,२०८२
४. नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ मा पहिलो संशोधन गर्ने विद्येयक,२०८२
५. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विद्येयक, २०८२

५. **वेरुजु फछ्र्यौट सम्वन्धमा,:**

महालेखा परीक्षकको कार्यालयबाट भएको यस कार्यालयको आर्थिक वर्ष २०८१/०८२ र यस भन्दा अगाडिका सवै लेखापरीक्षण प्रतिवेदनमा यस कार्यालयवाट सम्पादन हुने सिलसिलामा देखिएका नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नेपर्ने, नियमित गर्नुपर्ने जस्ता विषयवस्तु उल्लेख भएकोमा सो सम्वन्धमा वुदाँगत रुपमा छलफल गरी लेखा समितिवाट कार्यपालिकामा पेश भएको र कार्यपालिकावाट वुँदागत रुपमा छलफल भै अनुमोदनका लागि यस गरिमामय सभामा पेश भएकोमा उक्त वुँदाहरुमा छलफल गरी त्यस्ता वुदाँ उपर कारण, प्रभाव र प्रतिवद्धतासहित नियमित गर्ने र सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो।

६. **आ.व. २०७६/०७७ र २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी सम्परिक्षणका लागि सिफारिस गर्ने सम्वन्धमा:,**

महालेखा परीक्षकको कार्यालयबाट भएको यस कार्यालयको आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा भएको कार्यसम्पादनको सिलसिलामा महालेखा परिक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण गरी औंल्याइएका वेरुजुका सम्वन्धमा देखिएका देहाय वमोजिमका वुदाँ उपर तपसिलका कारण, प्रभाव र प्रतिवद्धतासहित नियमित गरी सम्परीक्षणको लागि लेखा समितिवाट निर्णय भै कार्यापालिका मार्फत यस सभामा देहाय वमोजिमका वुदाँहरु पेश भएका निर्णय उपर छलफल गरी स्वीकृति गर्ने निर्णय गरियो।

**तपसिल**

क. **आ.व.२०७६/०७७ को लेखापरीक्षण प्रतिवेदनको सामाजिक सुरक्षातर्फको दफा ११२.२ का सम्वन्धमा उल्लेखित विषयहरुमाका सम्बन्धमा:**

नीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ मा कार्यान्वयन हुने गरी स्वीकृत वजेट तथा कार्यक्रमहरुको महालेखा परिक्षकको कार्यालयवाट भएको लेखा परिक्षणको अन्तिम लेखा

परिक्षण गर्ने क्रममा सामाजिक सुरक्षातर्फको दफा ११२.२ मा नगरपालिकावाट निम्नानुसारका वैकहरुले पेश्की रकम मध्येको रु २९३४८३५८ फिर्ता दाखिला गरेको देखिन्छ। उक्त फिर्ता दाखिला गरेको रकममा व्याज रकम फिर्ता भएको नदेखिएकोले फिर्ता दाखिला गरेको रकममा नियमानुसार १०% का दरले हुने व्याज रकम रु २५७९७१३ असुल गरी हर्जना समेत यकिन गरेर संघीय संचित कोष खातामा दाखिला हुनुपर्ने रु

| सि.नं. | वैकको नाम | फिर्ता रकम | दिन | फिर्ता मिति | व्याज रकम |
|---|---|---|---|---|---|
| १. | सिभिल वैक | ४१६३५०० | २१७ | ०७७/१०/७ | २४७५२७ |
| २. | प्रभु वैक | २५१८४८५८ | ३३८ | ०७८/३/८ | २३३२१८६ |
| | **जम्मा** | **२९३४८३५८** | | **जम्मा** | **२५७९७१३** |

कायम भएकोमा सम्वन्धित वैकलाई पत्र पठाइ विवरण माग गर्दा तत्कालिन सिभिल वैक हाल हिमालयन वैक प्रा.लि. को चलानी नं. HBL/A41/OPR/158/082/083 को पत्रवाट नगरपालिकासंगको सम्झौता वमोजिम सामाजिक सुरक्षा भत्ता हितग्राहीहरुको वैक खाता मार्फत भुक्तानी गर्न वैकको खातामा जम्मा भएको खाता व्याज गणना नहुने खाता भएकोले व्याज रकम एकीन गरी फिर्ता गर्न नसकिने व्यहोरा छ भनी स्पष्ट पत्र वैक मार्फत प्राप्त भएको एवम् प्रभु वैकको प.सं.२०८२/०८३ च.नं.२२० मिति २०८२/१२/०३ गतेको प्राप्त पत्रवाट समेत सोही व्यहोराको जानकारी प्राप्त भएकाले नगरपालिकावाट सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि जम्मा भएको रकमवाट व्याज प्राप्त गर्ने उद्देश्य नभएको र त्यस्तो रकम वैकको (पार्किङ्ग खातामा) जम्मा हुने र सम्वन्धित लाभग्राहीको सुविधा एवम् सामाजिक सुरक्षा भत्ता वितरणलाई थप पारदर्शिता कायम गर्ने ध्ययका साथ वितरणको व्यवस्था मिलाइएको र पुनः त्यस्तो त्रुटी हुने सम्भावना नभएकाले र आगामी दिनमा सामाजिक सुरक्षालाई अझ प्रभावकारी रुपमा

वितरणको प्रवन्ध कार्यालयले मिलाउने गरी प्रतिवेदनमा औलाइएको उल्लेखित बेरुजु छलफल तथा नियमित गर्ने प्रयोजनको लागि लेखा समितिवाट सिफारिस भइ कार्यपालिका वैठकमा सो उपर छलफल गरी सर्वसम्मतवाट निर्णय गरी स्वीकृतिका लागि नगर सभा समक्ष पेश भएकोमा उल्लेखित वेरुजुका सम्वन्धमा वुदाँगत रुपमा छलफल गरी फर्छ्यौटका लागि महालेखा परिक्षकको कार्यालयवाट खटिएको डोर समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो। साथै उक्त खर्चवाट सरकारी हानी नोक्सानी नभएको देखिएको र आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगर कार्यपालिका र नगर सभाले जिम्मेवारी लिने गरी उल्लेखीत विषयमा वेरुजु छलफल तथा नियमित गर्ने निर्णय गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

<u>ख.</u> **<u>आ.व.२०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनको दफा ५२ का सम्वन्धमा उल्लेखित विषयहरुमाका सम्बन्धमाः</u>**

नीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ मा कार्यान्वयन हुने गरी स्वीकृत वजेट तथा कार्यक्रमहरुको महालेखा परिक्षकको कार्यालयवाट भएको लेखा परिक्षणको अन्तिम लेखा परिक्षण गर्ने क्रममा सम्परिक्षणतर्फको दफा ५२ मा कृषि विकास वैङ्कका पेश्की फछ्यौंट रु ७,२०,००,०००।- मध्ये रु ९४,६८,०००।- फिर्ता दाखिला भएको देखियो। उक्त रकम २०७६/०६/१४ मा फिर्ता दाखिला भएको देखियो। उक्त रकम २०७६/६/१४ मा फिर्ता दाखिला गरेकोले नियमानुसार लाग्ने ७२ दिनको व्याज रु १८६७४६।- असुल गरी संघीय संचित कोष खातामा दाखिला हुनुपर्ने उल्लेख भएकोमा सम्वन्धित वैकलाई पत्र पठाइ विवरण माग गर्दा कृषि विकास वैक लिमिटेडको प.सं.२०८२/०८३, चलानी नं.९३८ मिति २०८२/११/२८ को प्राप्त पत्रवाट नगरपालिकासंगको सम्झौता वमोजिम सामाजिक सुरक्षा भत्ता हितग्राहीहरुको वैक खाता मार्फत भुक्तानी गर्न वैकको खातामा जम्मा भएको खाता व्याज

गणना नहुने खाता भएकोले व्याज रकम एकीन गरी फिर्ता गर्न नसकिने व्यहोरा छ भनी स्पष्ट पत्र वैक मार्फत प्राप्त भएको र नगरपालिकावाट सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि जम्मा भएको रकमवाट व्याज प्राप्त गर्ने उद्देश्य नभएको र त्यस्तो रकम वैकको (पार्किङ्ग खातामा) जम्मा हुने र सम्वन्धित लाभग्राहीको सुविधा एवम् सामाजिक सुरक्षा भत्ता वितरणलाई थप पारदर्शिता कायम गर्ने ध्ययका साथ वितरणको व्यवस्था मिलाइएको र पुनः त्यस्तो त्रुटी हुने सम्भावना नभएकाले र आगामी दिनमा सामाजिक सुरक्षालाई अझ प्रभावकारी रुपमा वितरणको प्रवन्ध कार्यालयले मिलाउने गरी प्रतिवेदनमा औलाइएको उल्लेखित बेरुजु छलफल तथा नियमित गर्ने वा फर्छ्यौट गर्ने प्रयोजनको लागि लेखा समितिवाट सिफारिस भै कार्यपालिका वैठकमा सो उपर छलफल गरी सर्वसम्मतवाट निर्णय गरी स्वीकृतिका लागि नगर सभा समक्ष पेश भएकोमा उल्लेखित वेरुजुका सम्वन्धमा वुदाँगत रुपमा छलफल गरी फर्छ्यौटका लागि महालेखा परिक्षकको कार्यालयवाट खटिएको डोर समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो। साथै उक्त खर्चवाट सरकारी हानी नोक्सानी नभएको देखिएको र आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगर कार्यपालिका र नगर सभाले जिम्मेवारी लिने गरी उल्लेखीत विषयमा वेरुजु छलफल तथा नियमित गर्ने निर्णय गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

७. <u>विभिन्न प्रतिवेदनका सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालिका अन्तर्गतका चालु आ.व.२०८२/०८३ को स्वीकृत नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको शिलसिलामा विभिन्न समिति, उप-समिति, शाखागत प्रगति प्रतिवेदन र यस अवधिमा पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विद्यायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, नगर शिक्षा समिति र लेखा समितिका संयोजकहरुले पेशगर्नु भएको समितिहरुवाट सम्पादित

कामहरुको प्रगति प्रतिवेदन अनुमोदन गर्दै समितिहरुवाट भएका सम्पूर्ण निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो।

**८. <u>विविध खर्च शीर्षकवाट भएको खर्च अनुमोदन गर्ने सम्वन्धमाः,</u>**

नीलकण्ठ नगरपालिकाको १७ औं नगर अधिवेशनवाट चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी विविध खर्च शीर्षकमा विनियोजित रकमवाट कार्यालयको आवश्यताका आधारमा वा दैनिक प्रशासनिक सञ्चालनका सिलसिलामा भएका खर्च र सो का सम्वन्धमा आवश्यक विल भरपाईहरुका आधारमा मिति २०८२ फाल्गुन मसान्त सम्म भएका सम्पूर्ण खर्चहरु अनुमोन गर्ने निर्णय गरियो।

**९. <u>योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्वन्धमाः,</u>**

आ.व २०८२/२०८३ मा सञ्चालित योजना अनुगमन तथा मूल्याङ्कन समितिवाट अनुगमन मूल्याङ्कन भै कार्यपालिका समक्ष पेश भएको प्रतिवेदन उपर छलफल भै योजना अनुगमन तथा मुल्याङ्कन समितिले फरफारक गरेको योजनाहरु र सो वमोजिम भएको सम्पूर्ण भुक्तानी स्वीकृत गर्ने निर्णय गरियो।

**१०. <u>न्यायिक समितिको प्रगती समिक्षाका सम्वन्धमाः,</u>**

न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूवाट प्रस्तुत मिति २०८२ फाल्गुन मसान्तसम्म न्यायिक समितिद्धारा सम्पादित कार्यको प्रतिवेदन उपर छलफल भै उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**११. <u>करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्वन्धमाः,</u>**

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. ३१, ३३ र ३५ वमोजिम करार सेवाका कर्मचारीहरुको म्याद १ वर्ष थप गर्ने तर एक पटकमा वढीमा ६ महिनाका लागि करार सेवाको म्याद थप गर्ने व्यवस्था भएकोमा यस नगर कार्यपालिका कार्यालय तथा मातहतमा सेवारत

करार तथा ज्यालादारीका कर्मचारीहरु, सुरक्षा गार्ड, सरसफाई कर्मचारीहरु, स्वास्थ्य चौकीहरुमा कार्यरत करारका कर्मचारीहरु, सूचना प्रविधि अधिकृत, खेल प्रक्षिक्षक तथा संघीय ससर्त/प्रदेश ससर्त तर्फका करार सेवा उपलब्ध हुने करारका कर्मचारीहरु र वडामा कार्यरत सहायक कर्मचारीहरुलाई हाल खाईपाई आएको तलवमा नघट्ने गरी आचरण र कार्य सन्तोषजनक भएसम्म अन्य कुनै पनि सेवा सुविधा वा शर्तहरुको दावी नपुग्ने गरी सेवा करारको म्याद २०८३ असारमसान्त सम्मका लागि थप गर्ने, तथापी कार्य सम्पादन एवम् आचरण सन्तोषजनक नभएमा सम्वन्धित कर्मचारीहरुको कामप्रति कार्यालय विश्वस्त हुन नसकी करार सम्झौता नविकरण रद्द गरेमा वा सम्बन्धित पदमा स्थायी दरवन्दीका कर्मचारीको पदपूर्ति वा दरवन्दी पुनसंरचना र समायोजन भएमा स्वतः करार सम्झौता खारेज हुने निर्णय गरियो।

१२. **आर्थिक ऐन, २०८२ मा संशोधन सम्वन्धमाः,**

यस नगरपालिको आ.व. २०८२/०८३ को संशोधित आर्थिक ऐन, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो।

१३. **व्यवसाय नविकरण शुल्क तथा दररेटका समय सीमाको म्याद थप गर्ने निर्णय स्वीकृत गर्ने सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची-४ बार्षिक व्यवसाय कर अन्तर्गत तोकिएको समयमा व्यवसाय दर्ता नभएको खण्डमा लाग्ने जरिवानाको व्यवस्थामा दर्ता तथा नविकरण गर्न नआएमा हालको दरको १००% जरिवाना लाग्नेछ। तर नविकरण गर्दा २०८२ पुस मसान्तसम्म जरिवाना नलाग्ने, तत् पश्चात २०८२ चैत्र मसान्तसम्म ५०% र सो भन्दा पछी १००% जरिवाना लाग्नेछ भन्ने व्यवस्था गरिएकोमा सो समयसीमालाई व्यवसायिहरुको मागलाई मध्येनजर गरी २०८२ पुस मसान्तको समयसीमा वढाइ मिति २०८२ चैत्र मसान्तसम्म नविकरण गर्ने व्यवसायिहरुको लागि जारिवाना नलाग्ने व्यवस्था मिलाउने निर्णय गरियो। साथै यस सम्वन्धि व्यवस्थालाई कार्यान्वयन गर्न सवै वडाहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

१४.<u>नीलकण्ठ नगरपालिकाको आ.व.२०७६/०७७ को महालेखा परिक्षकद्वारा गरिएको लेखा परिक्षणको अन्तिम प्रतिवेदनको सामाजिक सुरक्षा तर्फको दफा ११२.१ का सम्वन्धमाः,</u>

यस नगरपालिकाको आ.व.२०७६/०७७ को अन्तिम लेखा परिक्षण गर्ने क्रममा सामाजिक सुरक्षातर्फको दफा ११२.१ मा नगरपालिकावाट सामाजिक सुरक्षा भत्ता वितरणको लागि ऐ.ऐ.वर्ष देहाय वमोजिमका वैकहरुमा पेश्की रु १८०३७०२४२ पेश्की नजनाई खर्च लेखेको देखिन्छ। उक्त रकमको खर्च विवरण (रिभर्स फिड) पेश हुन नआएकोले कति रकम लाभग्राहीलाई वितरण भएको र कति रकम वाँकी रहेको सम्वन्धमा यकिन हुन सकिएन। पालिकाले रिभर्स फिड माग गरी खर्च नभएको रकम व्याजसमेत हिसावगरी नियमानुसार असुल फर्छ्यौट हुनुपर्ने विषय उल्लेख भएको विषयमा छलफल गर्दा आ.व.२०७६/०७७ को सामाजिक सुरक्षा भत्ता बैकको नाममा गएको, लाभग्राहीहरुको लगत अध्यावधिक गरिएको साथै व्यक्तिगत घटना दर्ता (मृत्यु र वसाइसराइ) समेतलाई यकिन गरी रकम भुक्तानी भइ बाँकी रकमका सम्वन्धमा कृषि विकास वैकको च.नं.४२१ मिति २०८२/०७/२८ गतेको प्राप्त पत्रानुसार दाखिला भएको रकम रु ४२०६०६००।- (अक्षेरुपी चार करोड विस लाख साठ्ठी हजार छ सय रुपैया) रकम सम्बन्धित लाभग्राहीको नाममा बैंक दाखिला भएकाले पूर्णरुपमा कार्यान्वयन तथा सदुपयोग भएको, छड्के रुपमा विषय वस्तु बुझ्दा समेत उक्त भत्ता सम्बन्धित लाभग्राहीहरुले बुझिलिएको देखिन्छ, यसमा कुनै विवरण फरक नपरेको र सामाजिका सुरक्षा भत्ता वितरण नियमसम्मत भएको देखिएको हुँदा यसमा कुनै त्रुटी/संका वा सिकायत/गुनासो मान्नुपर्ने अवस्था देखिदैन, आ.व.२०७६/७७ को बेरुजु प्रतिवेदनमा देखिएको उक्त सामाजिक सुरक्षा रकम खर्च लेख्ने क्रममा भएको प्रक्रियागत त्रुटीको कारणले पेश्की जनाइ लेख्नुपर्नेमा सोझै बजेट खर्च लेख्दा समस्या भएको देखिन्छ। गत आ.व.२०८०/०८१ को अन्तिम लेखापरिक्षण हुँदा सम्म पनि कृषि विकास बैंकबाट रिभर्स फिड पेश हुन नआएको हुँदा पुरै रकमको

बेरुजुको समपरिक्षण गत आ.व.मा यस कार्यालयको अन्तिम लेखापरिक्षणका लागि खटिएको डोर समक्ष पेश गर्न असमर्थ भएकाले आ.व. २०८१/०८२ को लेखा परिक्षणका लागि अन्तिम लेखापरिक्षणका लागि खटिएको डोर समक्ष सामाजिक सुरक्षा भत्ता खर्च शीर्षक अनुसार पेश्की रकम उल्लेख हुनुपर्नेमा वजेट खर्च लेखिएकोमा सो त्रुटी सच्चाइ वेरुजु फर्छ्यौट/समपरिक्षणको लागि डोर समक्ष पेश गर्ने। साथै यस प्रकारका त्रुटी पुनः हुने सम्भावना नभएकाले र आगामी दिनमा सामाजिक सुरक्षालाई अझ प्रभाकारी रुपमा वितरणको व्यवस्था मिलाउने तथा वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगर कार्यपालिका र नगर सभाले जिम्मेवारी लिने गरी उल्लेखित विषयमा वेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

१५.**<u>चालु तथा पूँजिगत खर्चको समिक्षा गर्ने सम्वन्धमाः</u>**

चालु आ.व. २०८२/०८३ को फाल्गुनमसान्तसम्मको प्रगति/मुख्य उपलब्धी सहितको आर्थिक क्रियाकलापहरु उपर छलफल तथा समिक्षा गरी कार्यप्रगति सम्वन्धी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

१६.**<u>योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सम्वन्धमाः</u>**

यस नगरपालिकाको १७ औं अधिवेशनवाट स्वीकृत भएका योजना तथा कार्यक्रममा असर नपर्ने गरी सम्वन्धित शीर्षकमा खर्च नभएका एवम् स्वीकृत बजेट शीर्षकहरुमा बचत हुने रकमवाट यस कार्यालयमा तत्काल कार्यान्वयन गर्नुपर्ने भै प्राप्त भएका योजना तथा कार्यक्रमका सम्बन्धमा नगर कार्यपालिकाको विभिन्न वैठकवाट भए गरेका सम्पूर्ण योजना तथा कार्यक्रम एवम् तत्काल सम्वोधन गर्नुपर्ने गरी नगर प्रमुखस्तरीय निर्णयबाट कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो।

१७.नगर कार्यपालिका वैठकका निर्णय तथा अन्य समितिहरुका निर्णय उपर समिक्षा गर्ने सम्वन्धमाः,

यस नगरपालिकाको १७ औं अधिवेशनद्वारा चालु आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने पारित नीति, कार्यक्रम र बजेटको सिमामा प्रभाव नहुने गरी तत्काल संवोधन गर्नुपर्ने भै कार्यान्वयनका लागि मिति २०८२ फाल्गुन मसान्तसम्म भएका नगर कार्यपालिका वैठकका सम्पूर्ण निर्णयहरु, नगर प्रमुखस्तरीय सम्पूर्ण निर्णयहरु, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विद्यायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, लेखा समिति एवम् नगर शिक्षा समितिका संयोजकहरुले पेशगर्नु भएको मिति २०८२ फाल्गुनमसान्त सम्म भएका सम्पूर्ण कार्यसम्पादन प्रतिवेदन तथा काम कारबाहीहरु एवम् निर्णयहरु उपर छलफल तथा समिक्षा गरी स्वीकृत गर्ने निर्णय गरियो।

१८.श्रोत व्यवस्थापन तथा रकमान्तरका सम्वन्धमाः,

यस नगरपालिकाको १७ औं अधिवेशनको स्वीकृत वजेट सिमा भित्र रही स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को अधिनमा रही देहाय वमोजिम हुने गरी शीर्षकान्तर र रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं | यस शीर्षकबाट रकमान्तर हुने | रकम | सि.नं | रकमान्तर भएको शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | उद्दार राहत तथा पुर्नस्थापना खर्च | १२३४००० | १ | सवारी साधन तथा मर्मत खर्च | १०००००० |
| २ | नगरविकास कोष सावा र ब्याज भुक्तानी | १०००००० | २ | इन्धन | १५००००० |
| ३ | नगरविकास कोषको ५ प्रतिशत रकम | १५००००० | ३ | विविध खर्च | ३०००००० |
| ४ | सभा संचालन खर्च | ५००००० | ४ | विविध कार्यक्रम खर्च | १५००००० |
| ५ | लिफ्त खानेपानी तथा सिंचाई विद्युत महशुल अनुदान (70 प्रतिशत नपाको तर्फबाट अनुदान) र सडक बत्ती महशुल सडक गमला | ५००००० | ५ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | १५००००० |
| ६ | संचार महशुल | ३५०००० | ६ | स्थानीय भत्ता | ३००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | फिल्ड भत्ता | ३५०००० | ७ | पदाधिकारी मासिक सुविधा | १०००००० |
| ८ | फर्निचर तथा फिक्सर्स खरिद | ८००००० | | | |
| ९ | मेयर उद्यमशीलता कार्यक्रम | ५००००० | | | |
| १० | विविध सुचना प्रकाशन खर्च | ५००००० | | | |
| ११ | बोलपत्र सुचना प्रकाशन खर्च | ३००००० | | | |
| १२ | जग्गा भाडा | १२६६००० | | | |
| १३ | अन्य भाडा | ४००००० | | | |
| १४ | सवारी साधन तथा मेसीनरी औजार भाडा | २००००० | | | |
| १५ | अन्य फिर्ता | २००००० | | | |
| १६ | वित्तिय अनुशासन तथा जोखिम न्यूनिकरण तालिम | २००००० | | | |
| | **कुल जम्मा रकम** | **९८०००००** | | | **९८०००००** |

१९.<u>**योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सम्वन्धमाः,**</u>

यस नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. ३४ र ऐ.ऐ नगर सभावाट स्वीकृत विनियोजन ऐन, २०८२ को दफा (३) को उपदफा (२) र (३) अनुसार नगर प्रमुखज्यूलाई प्रत्यायोजित अधिकार अनुसार नगर सभाको विनियोजित वजेटको सीमामा रही विनियोजन भएका योजना तथा कार्यक्रमहरुलाई मिति २०८२ साल पौष ३० गतेको कार्यपालिका वैठकवाट अनुमोदन गरी कार्यान्वयन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो।

<u>**स्रोत व्यवस्थापन तथा विनियोजना भएका योजना तथा कार्यक्रमहरुको विवरण**</u>

<u>**तालिका- १**</u>

| **चालु शिर्षकमा विनियोजित र बचत रकम रकमान्तर** | | |
|---|---|---|
| **सि.न.** | **योजना तथा कार्यक्रमको नाम** | **बचत रकम** |
| १ | संस्कृति प्रवर्द्धन तथा पर्यटन विकास तर्फका विविध कार्यक्रम | ९००००० |
| २ | संचार क्षेत्र तर्फ विविध कार्यक्रम | ६००००० |
| ३ | अन्य सामाजिक सहायता | ५००००० |
| | **<u>जम्मा रकम</u>** | **<u>२००००००</u>** |

## तालिका-२

| चालु शीर्षकवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका (श्रोत व्यवस्थापन समेत) | | | |
|---|---|---|---|
| सि.न | योजनाको नाम | ठेगाना | विनियोजित वजेट |
| १ | जिल्ला अदालत मेसिनरी मर्मत (सवारी साधन) | नी.पा.न. | २००००० |
| २ | लामागुरु माफर्निचर .वि. | नी.पा.न.२ | १००००० |
| ३ | पञ्चे वाजा खरिद | नी.पा.न.३ | १७०००० |
| ४ | सुन्दर वस्ती टोल सुधार समिति भाडाकुडा तथा फर्निचर खरिद | नी.पा.न.४ | ३००००० |
| ५ | शंखदेवी मावि झ्यालढोका मर्मत. | नी.पा.न.१ | ४००००० |
| ६ | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | नी.पा.न. | ३०००० |
| ७ | एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) कार्यक्रम | नी.पा.न. | ३०००० |
| ८ | पञ्चकन्या आमा समुह वाजा खरिद | नी.पा.न.६ | १७०००० |
| ९ | ग्रासरुट कार्यक्रम (फुटवल) | नी.न.पा. | २५०००० |
| | **जम्मा रकम** | - | **१६५००००** |

## तालिका -३

| बचत रकम रकमान्तर | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | बचत रकम रु | कैफियत | रकमान्तर हुने शीर्षक | रकम रु |
| १ | अन्य सार्वजनिक निर्माण | ८५००००० | *तिन करोड बैसठ्ठी लाख असि हजार रुपैंया मात्र* | अर्थ विविध | ३६२८०००० |
| २ | संघ तथा प्रदेश समपूरक आयोजनाको लागि लागत साझेदारी | १००००००० | | | |
| ३ | नगर चक्रपथ | ४५००००० | | | |
| ४ | टेण्डरवाट वचत रकम | १३२८०००० | | | |
| _ | **जम्मा रकम** | ३६२८०००० | | **जम्मा रकम** | ३६२८०००० |

## तालिका-४

| अर्थ विविधवाट कार्यान्वनय हुने योजना तथा कार्यक्रमहरु (श्रोत व्यवस्थापन समेत) सहितको विवरण। | | | |
|---|---|---|---|
| सि.न | योजनाको नाम | ठेगाना | विनियोजित वजेट |
| १ | सरकारी महान्याधिवक्ता कार्यालय रङ्गरोङ्गन तथा ससत्र प्रहरी वल धादिङको भवनमा सिलिङ्ग निर्माण | *नी.न.पा* | ७००००० |
| २ | तातोपानी- दाहालमोड सडक ड्रेन तथा करिडोर ह्युम पाइप कल्भर्ट निर्माण कार्य | *नी.न.पा. १२ र ३* | ३४००००० |
| ३ | धुसेनी आ.वि घेरावार | *नी.न.पा.१* | ५००००० |
| ४ | गैरी वसाह खानेपानी | *नी.न.पा.१* | ५००००० |
| ५ | चिलाउने भञ्याङ्ग गैरीगाउँ जुङ्गे जोड्ने सडक | *नी.न.पा.२* | ७००००० |
| ६ | वसाह गाउँ पूरानो पधेरो मर्मात | *नी.न.पा.२* | ३००००० |
| ७ | घट्टेडाँडा, स्वारा, आलेवारी सडक स्तरोउन्नती | *नी.न.पा.२* | १०००००० |

| | | | |
|---|---|---|---|
| ८ | केरावारी सडक निर्माण | नी.न.पा.२ | १०००००० |
| ९ | तिनघरे काफ्ले मरनघाट सडक | नी.न.पा.२ | ५००००० |
| १० | वेसीगाउँ सिम्ले सिढि निर्माण | नी.न.पा.२ | ५००००० |
| ११ | समरा, आधमारा जलदेवी स्कुल पद मार्ग | नी.न.पा.२ | ५००००० |
| १२ | पिपलटारी समरा सिम्ले हुदै खरवारी सडक | नी.न.पा.२ | ५००००० |
| १३ | विचवजार भित्र ढल निकास | नी.न.पा.३ | ८०००० |
| १४ | पुरानो पावरहाउस भुलभुले सडक निर्माण | नी.न.पा. | ७००००० |
| १५ | गौतेफाट खेत भलवाढी नियन्त्रण | नी.न.पा.३ | २५०००० |
| १६ | नीलकण्ठ वहुमुखी क्याम्पस ट्रष्ट निर्माण | नी.न.पा.३ | २०००००० |
| १७ | विन्दवासिनि मन्दिर तथा शिव मन्दिर निर्माण | नी.न.पा.३ | ७००००० |
| १८ | वागेढुङ्गा वेसीघर गैरीगाउँ (झारी खोला खण्ड) विमिरे सडक मर्मत | नी.न.पा.४ | ३००००० |
| १९ | रायेटार चौतारा देखी ठाडोखोला सडक | नी.न.पा.४ | ५००००० |
| २० | जलविरे मजके टार हुदै तल्लोवेशी जाने सडक मर्मत | नी.न.पा.४ | ४००००० |
| २१ | भिरमुनी पारीगाउँ मालिका भैरुमगाउँ सिरान धारा सडक खण्ड स्तरोउन्नती | नी.न.पा.४ | १०००००० |
| २२ | आपवोट पहिरो नियन्त्रण | नी.न.पा.४ | ३००००० |
| २३ | पहरेछाप सिढि निर्माण | नी.न.पा.५ | ५००००० |
| २४ | खर्कमा सामुदायिक भवन निर्माण | नी.न.पा.५ | ५००००० |
| २५ | गैरीगाउँ चौतारा निर्माण | नी.न.पा.५ | ५००००० |
| २६ | देउराली, रिठावोटे वेलजगार सडक | नी.न.पा.५ | ५००००० |
| २७ | मनकामना स्कुलमा सरस्वती मन्दिर निर्माण | नी.न.पा.५ | २००००० |
| २८ | दलित वस्ती ढाडेमन्दिर सडक निर्माण | नी.न.पा.५ | ५००००० |
| २९ | कोसी खोला कजवे निर्माण | नी.न.पा.५ | २०००००० |
| ३० | दारी गौडा खाल्टे सडक निर्माण | नी.न.पा.५ | ५००००० |
| ३१ | वाहुन डाँडा भस्मे सडक | नी.न.पा.५ | २००००० |
| ३२ | चक्रदेवी आमा समुह भवन निर्माण | नी.न.पा.६ | ५००००० |
| ३३ | रातामाटे लाकुरी धारो सडक मर्मत | नी.न.पा.६ | ५००००० |
| ३४ | चापटारी नयाँवस्ती ढलान जोड्ने सडक स्तरोउन्नती | नी.न.पा.८ | ५००००० |
| ३५ | शक्ते शक्ति मन्दिर निर्माण | नी.न.पा.८ | ५००००० |
| ३६ | तल्लो हटिया,मंकाली मन्दिर सिढि वाटो र पाल्पाली गाउँ सडक | नी.न.पा.८ | ७००००० |
| ३७ | आसिखोला तटवन्धन निर्माण | नी.न.पा.८ | ५००००० |
| ३८ | ससाह इसाइ चर्च | नी.न.पा.८ | ५००००० |
| ३९ | सिमलघारी सडक निर्माण | नी.न.पा.८ | ३००००० |
| ४० | मनकामना माई मन्दिर निर्माण (पाल्पाभञ्ज्याङ्ग) | नी.न.पा.९ | १०००००० |
| ४१ | सातदोवाटो सडक तथा नाला निर्माण | नी.न.पा.९ | ५००००० |
| ४२ | स्याउली सालवोटे सडक निर्माण | नी.न.पा.९ | २००००० |
| ४३ | वागवच्छाला मन्दिर निर्माण तथा शौचालय निर्माण | नी.न.पा.९ | ७००००० |
| ४४ | झगरे रातमाटे तल्लो झगरे कुवरगाउँ सडक स्तरोउन्नती | नी.न.पा.९ | ५००००० |

| | | | |
|---|---|---|---|
| ४५ | सौरी खोला हटिया सिढि निर्माण | नी.न.पा.९ | ५००००० |
| ४६ | चिप्लेटिवाट सार्की गाँउ जाने सिढि निर्माण | नी.न.पा.९ | ३००००० |
| ४७ | भोक्टेनी गैरावारी गोरेटो वाटो निर्माण | नी.न.पा.९ | ५००००० |
| ४८ | वाह्रमुरे तातोपानी कृषि सडक ड्रेन निर्माण | नी.न.पा.९ | ५००००० |
| ४९ | कुमारी देवी मा.वि. शौचालय मर्मत | नी.न.पा.१० | २००००० |
| ५० | ढोडेनी भारमाले सडक मर्मत | नी.न.पा.१० | १५०००० |
| ५१ | शंखदेवी मा.वि. गेट तथा कम्पाउड निर्माण | नी.न.पा.११ | ५००००० |
| ५२ | देउराली खेलमैदान निर्माण | नी.न.पा.१२ | ५००००० |
| ५३ | तामाङ वस्ती गोरेटो वाटो पर्खाल निर्माण | नी.न.पा.१२ | ३००००० |
| ५४ | आसिखोला गैरीखेत कुलो निर्माण | नी.न.पा.१२ | ५००००० |
| ५५ | कोत्रे कुलो निर्माण | नी.न.पा.१२ | ३००००० |
| ५६ | दामगाडे नयाँ वस्ती सडक निर्माण | नी.न.पा.१२ | ३००००० |
| ५७ | जमुने पचघरे सडक निर्माण | नी.न.पा.१२ | ३००००० |
| ५८ | गुरुङ मरनघाट ट्रष्ट निर्माण | नी.न.पा.१२ | ४००००० |
| ५९ | माझगाउँ पिपलडाँडा घुम्ती ढलान | नी.न.पा.१३ | ५००००० |
| ६० | मनास्लु भ्यू दर्शन समाज भवन निर्माण | नी.न.पा.१३ | ५००००० |
| ६१ | रातमाटे कालिका मन्दिर स्कुल रिङ्गरोड देखी रातो डाँडा काप्रे भिरकुना सडक स्तरोउन्नती | नी.न.पा.१४ | ८००००० |
| ६२ | नागिनथान नेपाल टोल सडक मर्मत | नी.न.पा.१४ | १००००० |
| ६३ | मरनघाट सम्मको सडक निर्माण | नी.न.पा.१४ | ५००००० |
| | **जम्मा रकम** | | **३६२८००००** |

## प्रकोप व्यवस्थापन कोषवाट कार्यान्वयन हुने योजना

| सि.न | योजनाको नाम | ठेगाना | विनियोजित वजेट |
|---|---|---|---|
| १ | वडा कार्यालय देउरली कुडुले सडक | नी.न.पा १२ | ५००००० |
| २ | ८ नं. वडा कार्यालयको लागि विभिन्न स्थानमा भएको प्रकोप व्यवस्थापनका लागि ग्याविन जालि खरिद | नी.न.पा.८ | ३००००० |

२०. **खानेपानी, सरसफाइ तथा स्वाच्छता व्यवस्थापन वोर्डको संगठन तथा व्यवस्थापन (Organization & Management) सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्डको संगठन तथा व्यवस्थापन (Organization & Management) सर्वेक्षण प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

## नीलकण्ठ नगरपालिका

## नगर खानेपानी, सरसफाई तथा स्वच्छता ब्यबस्थापन (WASH) बोर्डको

## संगठन तथा ब्यबस्थापन (Organization and Management) सर्वेक्षण प्रतिवेदन

**परिचयः**

नीलकण्ठ नगरपालिका क्षेत्र भित्र खानेपानी, सरसफाई तथा स्वच्छता सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरपालिका क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने, उचित र प्रभावकारी व्यवस्था गर्नको लागि नगरपालिकाले खानेपानी सरसफाई तथा स्वच्छता बोर्डको स्थापना स्थापना गरी कार्यान्वयन गर्दै आएको छ।

कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्थाको रणनीति, लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि संगठन तथा ब्यबस्थापन सर्वेक्षण अती आबश्यक छ। यसले संगठन भित्र के राम्रो भैरहेकोछ ? कुनै प्रणालीले काम गरेको छ वा छैन, मानवीय स्रोतको अवस्था र क्षमता तथा कार्यालयका उपकरणहरुको सदुपयोग आदिको बारेमा जानकारी दिन्छ।

**उद्देश्यहरुः**

१. हाल भैरहेको संगठनको कमि कमजोरी जस्तैः कार्यालय सञ्चालन प्रक्रिया, सेवाग्राही प्रतिको जिम्मेवारी, कर्मचारीको क्षमता, उपलब्ध सामाग्री र उपकरणहरुको दुरुपयोग/ उच्चतम प्रयोगमा समस्या, कर्मचारीहरुको कार्य विवरण र जिम्मेवारी आदि पत्ता लगाउदँछ।
२. यस्तो सर्वेक्षणले संस्थामा भएका सम्पत्तिको उच्चतम प्रयोग, सही मर्मत सम्भार, नयाँ प्रविधिको प्रयोग आदिको वास्तविक योजना बनाउन सहयोग गर्छ।
३. सर्बेक्षणले तथ्य र तथ्यांकमा आधारित ब्यबस्थापनमा सहयोग गर्छ, जसले गर्दा लागत घटाउनुका साथै क्षमता र प्रभावकारीता बढाउछ र योजना र नीति निर्माणमा सहयोग पुऱ्याउदछ।
४. सर्वेक्षण मार्फत क्षमतामा कमि, स्रोत साधनको दुरुपयोग, जिम्मेवारीको दोहोरोपन, अनावश्यक खर्च आदिको पहिचान गर्छ र योजना निर्माणमा मद्दत पुऱ्याउदछ।
५. सेवाग्राहीप्रतिको जवाफदेहीता बिकास गर्नुका साथै समयमा नै कार्यसम्पादन गरेर सेवाग्राहीको सन्तुष्टी बिकास गर्न मद्दत पुऱ्याउदछ।
६. सर्बेक्षणले संस्थाको सफलतालाई बढावा गर्छ र आर्थिक, प्राविधिक र संस्थागत बिकासमा सहयोग गर्छ।


७. संस्थाहरुलाई आबश्यक सरकारी नीति नियमको पालना, दातृ निकायहरुको नीतिगत आबश्यकता पुरा गर्नुका साथै पुरै संगठनको विश्वसनीयता र मापदण्ड बिकासमा टेवा पुऱ्याउदछ।

स्थानीय सरकार

**नीलकण्ठ नगरपालिका**

**नगर खानेपानी, सरसफाई तथा स्वच्छता ब्यबस्थापन (WASH) बोर्डको**

**संगठन संरचना**



➢ पुनश्च :संगठन तालिका अनुसारको अनुमानित तलब सुबिधा योजना अनुसूची १ मा उल्लेख गरिएको छ।

**<u>नगर खानेपानी, सरसफाई तथा स्वच्छता ब्यबस्थापन (WASH) बोर्डको संगठन तालिका अनुसारको जिम्मेवारीः</u>**

**क)** नगर खानेपानी, सरसफाई तथा स्वच्छता ब्यबस्थापन (WASH) बोर्डको जिम्मेवारी :

- खानेपानी, सरसफाई तथा स्वच्छता सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनस्थापना गर्ने गराउने,
- खानेपानी, सरसफाई तथा स्वच्छता सेवा उपयोग सम्वन्धी नीति, नियम वनाई नगरपालिकावाट स्वीकृत गरी लागू गर्ने गराउने,
- खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदुषित हुन नदिन आवश्यक नीति बनाई कार्यान्वयन गर्ने गराउने,
- खानेपानीको स्रोत, वितरण तथा सरसफाइ र स्वच्छता सम्वन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,
- सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,
- सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्थापन गर्ने गराउने,
- सेवा विस्तार तथा विकासको लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,
- प्रचलित कानून बमोजिम सेवाको महसुल दर निर्धारण गर्ने,
- गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,
- सेवा प्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने र सेवाप्रदायकसंग सम्झौता गरी सेवा प्रदान गर्ने गराउने,
- उपभोक्तालाई सेवा प्रदान गरे बापत सेवाशुल्क/ महसुल असुल गर्ने गराउने,
- सेवाप्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई परिमर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयुक्त उपचार दिने,
- खानेपानी वितरण तथा सरसफाई प्रणालीमा अवरोध वा क्षती पुऱ्याउने पक्षलाई दण्ड सजाय गर्ने गराउने,
- खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्वन्धी कार्यको लागि स्थानीय खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गरी कार्य गर्ने गराउने,

- विद्यामान खानेपानी उपभोक्ता समितिहरुलाई बोर्ड मोडलमार्फत खानेपानी, सरसफाई तथा स्वाच्छता व्यवस्थापन गर्नका लागि अभिप्रेरित गर्नुका साथै अन्य आवश्यक काम गर्ने गराउने,
- अन्य संघ संस्था तथा निकायहरुसँग सह-लगानीमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्य गर्ने नीति वनाई कार्यान्वयन गर्ने गराउने,
- नगरपालिका भित्रका खानेपानी मुहान तथा उपभोक्ता समिति/संस्था दर्ता गर्नुपूर्व वोर्डवाट अध्ययन अवलोकन गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने,
- सेवा सञ्चालनका लागि नियमित अनुगमन एवम् आवश्यकता अनुसार तोकिए बमोजिमका अन्य काम गर्ने,
- फोहोरमैला वर्गीकरण, संकलन, प्रशोधन तथा व्यवस्थापन लगायत नगरपालिकाले तोके वमोजिम काम गर्ने।

**ख)** कार्यकारी समितिको जिम्मेवारीः

- बोर्डको कार्यक्षेत्र भित्रका खानेपानी उपभोक्ता समिति, समुदाय एवम् विभिन्न निकाय र स्रोतबाट सञ्चालन भई रहेको खानेपानीको एकीकृत रुपमा वितरण व्यवस्थापन सञ्चालन गर्ने।
- बोर्डको संस्थागत संरचना, संगठन तथा व्यवस्थापन सर्वेक्षण एवम् दरवन्दी संरचना, जनशक्ति परिचालन र रणनीतिक योजना तयार गरी स्वीकृत गराउने।
- बोर्डको छुट्टै कार्यालय एवम् सम्पर्क केन्द्र र सचिवालय व्यवस्थापन गरी सेवा प्रवाह सरल एवम् प्रभावकारी रुपमा उपलब्ध गराउने।
- बोर्डबाट स्वीकृत वार्षिक, नीति, बजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।
- नीलकण्ठ नगरपालिका क्षेत्रभित्र सवै वडा, टोल र घर परिवार तहमा सरसफाई एवम् फोहोरमैला व्यवस्थापन, फोहोर वर्गिकरण एवम् पुर्नप्रयोग र जैविक मल उत्पादन तथा विक्रि वितरण गर्ने।
- नीलकण्ठ नगरक्षेत्रका खानेपानी उपभोक्ता समितिहरु एवम् आम उपभोक्ता र सरोकारवालाहरु संग सहकार्य गरी गुणस्तरीय खानेपानी वितरण, सरसफाई र स्वच्छता कायम गर्न समन्वय गर्ने।
- वार्षिक नीति, कार्यक्रम र बजेट मस्यौदा तयार गरी बोर्डबाट पारित गर्न सहजिकरण गर्ने।
- बोर्डको कार्यक्षेत्र भित्र खानेपानी योजनाको संभाव्यता अध्ययन, निर्माण, मर्मतसम्भार र दिगोपनाको लागि आवश्यक कार्य गर्ने।
- बोर्डले निर्धारण गरेको खानेपानी सेवा शुल्क एवम् सरसफाई सेवा शुल्क संकलन गरी कोषमा जम्मा गर्ने।

- बोर्डले दफा ६ बमोजिमको काम, कर्तव्य र अधिकार मध्ये प्रत्यायोजन गरेको अधिकार र निर्देशन पालन गर्ने।

**ग)** कार्यकारी अध्यक्षको जिम्मेवारीः

- रणनीतिक नेतृत्वः खानेपानी, फोहोरमैला व्यवस्थापन र सरसफाईको लागि दीर्घकालीन रणनीतिक योजना विकास र कार्यान्वयन गर्ने। समितिको बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने र बोर्डबाट स्वीकृत गराई मितव्ययी एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।
- सञ्चालन निरीक्षणः खानेपानी सरसफाई र स्वच्छता लगायतका सेवाहरुको कुशल र प्रभावकारी सञ्चालन सुनिश्चित गर्ने। बोर्डबाट प्राप्त नीति, योजना, मापदण्ड तथा निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।
- वित्तीय व्यवस्थापनः वित्तीय अनुशासन कायम राखिएको छ र बजेटको प्रभावकारी कार्यान्वयन तथा निरीक्षण गर्ने गराउने। समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम व्यवस्थित रुपमा राखिएको छ तथा आन्तरिक एवम् अन्तिम लेखापरीक्षण गर्ने गराउने।
- सहयोग समन्वयः बोर्डको सेवा विस्तार, सुधार र विकासको निम्ति सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार, नियामक निकायहरु, सेवाग्राही लगायत सरोकारवालाहरुसंग समन्वय एवम् बलियो सम्बन्ध निर्माण गर्ने र नगरवासीको खानेपानी तथा सरसफाईको अधिकारको क्षेत्रमा काम गर्ने।
- कार्यकारी समितिको बैठक बोलाउने।
- समितिको कामलाई प्रभावकारी तथा परिणाममुखी बनाउन आवश्यक निर्णय, निर्देशन र नेतृत्व गर्ने।
- कार्यकारी समितिको समग्र प्राथमिकता, आर्थिक स्थिति, चालू योजना र क्रियाकलापहरुको कार्यान्वयनको स्थितिको बारेमा बोर्ड तथा मातहतको समिति र निकायमा जानकारी दिने।
- मासिकरुपमा योजना, नीत तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी बैठकमा पेश गर्ने।
- बोर्डको कर्मचारीहरुलाई नेतृत्व र प्राविधिक मार्गदर्शन प्रदान गर्ने।
- पूर्वाधार स्तरोन्ती र विस्तारका लागि रणनीतिक योजनाहरु विकास गर्ने।
- पानी र फोहोर पानी परियोजनाहरुको डिजाइन, टेन्डर र निर्माणको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिने।
- सार्वजनिक चासो, गुनासो र सरोकारहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने।
- सार्वजनिक वैठक, राष्ट्रिय, अन्तराष्ट्रिय फोरमहरुमा समितिको प्रतिनिधित्व गर्ने।
- बोर्डलाई आवश्यक राय, सल्लाह, सुझाव, मार्गदर्शन प्रदान गर्ने।
- बोर्डको भौतिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन, नियमित, मर्मत सम्भार र सदुपयोग गर्ने दुरुपयोग हुन नदिने।
- बोर्डले तोके बमोजिम अन्य काम गर्ने।

**घ)** निर्देशकको जिम्मेवारीः

- नगरपालिका र वोर्ड विच समन्वयात्मक भुमिका निर्वाह गर्ने।
- बोर्डको दैनिक प्रशासनीक, आर्थिक कार्यहरुको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- कार्यकारी समितिको सदस्य सचिव भई जिम्मेवारी वहन गर्ने।
- समितिमा उपलब्ध जनशक्तिको उच्चतम् परिचालन गर्ने, उत्प्रेरणा क्षमता अभिवृद्धि गरी सौहार्दपूर्ण कार्य वातावरण विकास गर्ने। कर्मचारीहरुको अनुगमन मूल्याङ्कन गर्ने गराउने।
- बैठकका निर्णयहरुको कार्यान्वयन गरी कार्यान्वयन अवस्था तथा प्रतिवेदन तयार गरी कार्यकारी अध्यक्ष तथा समिति समक्ष पेश गर्ने।
- बोर्डको भौतिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्ने।
- स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका, सरकारी तथा गैह्सरकारी संस्था र निजी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारीमा पारदर्शी, जवाफदेही र परिणाममुख ढंगले कार्यसम्पादन गर्ने गराउने।
- समितिको कामलाई प्रभावकारी तथा परिणाममुखी बनाउन आवश्यक कार्य गर्ने।
- वित्तिय अनुशासन कायम राखिएको छ र बजेटको प्रभावकारी कार्यान्वयन तथा निरीक्षण गर्ने गराउने। समितिको आय व्यायको लेखा प्रचलित कानून बमोजिम व्यवस्थितरुपले राखी आन्तरीक तथा अन्तिम लेखा परीक्षण गर्ने गराउने।
- कार्यकारी अध्यक्षको परामर्शमा कार्यकारी समितिको एजेण्डा तय गरी बैठकको लागि सूचना गर्ने।
- कार्यकारी अध्यक्ष तथा समितिले तोकेका अन्य कार्य गर्ने।

**ङ)** योजना, अनुगमन तथा प्राविधिक शाखाको जिम्मेवारीः

- ➢ **खानेपानी प्रणाली (Water Supply)**
- ➢ सुरक्षित र गुणस्तरीय खानेपानी प्रणालीको डिजाइन, योजना र निर्माण सुपरिवेक्षण
- ➢ स्रोत पहिचान, पानीको मात्रा र गुणस्तर परीक्षण
- ➢ पाइपलाइन, ट्यांकी, पम्प, ट्रीटमेन्ट सिस्टमको डिजाइन
- ➢ पानीको नियमित परीक्षण र Water Safety Plan कार्यान्वयन

- **सरसफाइ तथा ढल व्यवस्थापन (Sanitation & Sewerage)**
  - ➢ घरेलु, संस्थागत र सार्वजनिक शौचालयको डिजाइन र सुधार
  - ➢ ढल निकास (sewer/septic) प्रणालीको योजना, डिजाइन र अनुगमन
  - ➢ Fecal Sludge व्यवस्थापन र बिकास
  - ➢ वातावरणीय मापदण्ड र स्वास्थ्य सुरक्षाको पालना
- **फोहोर व्यवस्थापन (Solid Waste Management)**

- फोहोर संकलन, ढुवानी, प्रशोधन र अन्तिम व्यवस्थापनको प्राविधिक योजना
- कम्पोस्टिङ, रिसाइकलिङ, ल्यान्डफिल साइट डिजाइनमा सहयोग
- फोहोर व्यवस्थापन पूर्वाधारको सुपरिवेक्षण

- **स्वच्छता प्रवर्द्धन (Hygiene Promotion – Technical Support)**
  - Hygiene campaign का लागि प्राविधिक सामग्री र मापदण्ड तयार गर्नु
  - विद्यालय, स्वास्थ्य संस्था र समुदायमा WASH मापदण्ड लागू गराउन सहयोग
- **परियोजना व्यवस्थापन (Project Management)**
  - DPR, BOQ, डिजाइन ड्रइङ र लागत अनुमान तयार गर्नु
  - ठेक्का व्यवस्थापन, साइट सुपरिवेक्षण र गुणस्तर नियन्त्रण
  - समय, लागत र गुणस्तर (Time–Cost–Quality) सुनिश्चित गर्नु
- **सञ्चालन तथा मर्मत (Operation & Maintenance – O&M)**
  - खानेपानी तथा सरसफाइ प्रणालीको O&M योजना बनाउनु
  - प्राविधिक क्षमता विकास (operator/technician training)
  - प्रणाली दीगो बनाउने उपायहरू सुझाउनु
- **अनुगमन, मूल्याङ्कन र रिपोर्टिङ**
  - प्रगति प्रतिबेदन तयार, अनुगमन, प्राविधिक रिपोर्ट र तथ्यांक विश्लेषण
  - तिनै तहको सरकार, दाता र सरोकारवालासँग समन्वय
- **नीति, मापदण्ड र समन्वय**
  - राष्ट्रिय WASH नीति, निर्देशिका र मापदण्डको पालना
  - स्थानीय सरकार, उपभोक्ता समिति र अन्य निकायसँग समन्वय

**च)** आर्थिक तथा कर्मचारी प्रशासन शाखाको जिम्मेवारीः

- **लेखा ब्यबस्थापन (Accounts Management)**
  - आय-व्ययको दर्ता, अभिलेख र प्रतिवेदन तयार गर्नु
  - बजेट कार्यान्वयन, भुक्तानी प्रक्रिया र वित्तीय अनुशासन कायम गर्नु
  - विल- भौचर जाँच, भुक्तानी आदेश (Payment Order) जारी गर्नु
  - मासिक, त्रैमासिक र वार्षिक आर्थिक प्रतिवेदन तयार गर्नु
  - लेखापरीक्षण (Internal/Final Audit) मा सहयोग र बेरुजु फछ्र्यौट
  - अनुदान, परियोजना तथा दातृ निकायको वित्तीय रिपोर्टिङ तयार गर्नु
  - राजस्व संकलनको लेखांकन र बैंक मिलान (Bank Reconciliation)

- **सेवा शुल्क तथा राजस्व असुली (Revenue /Service Charge)**
  - सेवा शुल्क, कर, दस्तुर तथा अन्य राजश्वको संकलन
  - करदाता दर्ता, कर मूल्याङ्कन र कर अभिलेख व्यवस्थापन
  - राजस्व पूर्वानुमान (Revenue Projection) तयार गर्नु
  - राजस्व चुहावट नियन्त्रण र अनुगमन
  - करदाता सचेतना कार्यक्रम सञ्चालन
  - राजस्वसम्बन्धी उजुरी, छुट/जरिवाना व्यवस्थापन
  - दैनिक, मासिक र वार्षिक राजस्व प्रतिवेदन तयार गर्नु
- **कर्मचारी प्रशासन (Administration/ HR)**
  - कर्मचारी नियुक्ति, सरुवा, पदस्थापन र अभिलेख व्यवस्थापन
  - हाजिरी, बिदा, कार्यसम्पादन मूल्याङ्कन (Performance Appraisal)
  - कार्यालय सञ्चालन, बैठक व्यवस्थापन र निर्णय कार्यान्वयन
  - आन्तरिक नियमावली, सेवा-प्रवाह सुधार र अनुशासन
  - पत्राचार, फाइल व्यवस्थापन र सूचना प्रवाह
  - तालिम, क्षमता विकास र कर्मचारी कल्याण
  - कार्यालय सुरक्षा, आचारसंहिता र गुनासो व्यवस्थापन
- **जिन्सी ब्यबस्थापन (Store /Asset Management)**
  - कार्यालयका सम्पत्ति, सामग्री र उपकरणको अभिलेख राख्ने
  - सामग्री खरिद, भण्डारण, वितरण र फिर्ता व्यवस्थापन गर्ने
  - जिन्सी दर्ता, स्टक मिलान (Stock Verification) गर्ने
  - वार्षिक जिन्सी निरीक्षण र नष्ट/लिलामी प्रक्रिया गर्ने
  - जिन्सी सम्बन्धी प्रतिवेदन र लेखापरीक्षणमा सहयोग गर्ने
  - खरिद शाखासँग समन्वय गरी आवश्यकता पहिचान गर्ने

## अनुसूचीः१

नगर खानेपानी, सरसफाई तथा स्वच्छता ब्यबस्थापन (WASH) बोर्डको संगठन संरचना अनुसारको तलब सुबिधाको अनुमानित योजनाः

कर्मचारी संख्या (संगठन संरचना अनुसार):

| सि.नं. | पद | सख्या | तह | मासिक तलव | वार्षिक | जम्मा तलम रु | दशै पेश्की | अन्य भत्ता | जम्मा | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यकारी अध्यक्ष | १ | ९ | ५२४१७ | १२ | ६२९००४ | ५२४१७ | ७२००० | ७५३४२१ | ७५३४२१ | |
| २ | निर्देशक | १ | ६ | ० | १२ | ० | ० | ० | ० | ० | नगरपालिकावाट काजमा खटाउने |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सिभिल इन्जिनियर | १ | ६ | ४३६८९ | १२ | ५२४२६८ | ४३६८९ | ० | ५६७९५७ | ५६७९५७ | |
| ४ | लेखा अधिकृत | १ | ६ | ४३६८९ | १२ | ५२४२६८ | ४३६८९ | ० | ५६७९५७ | ५६७९५७ | |
| ५ | लेखा सहायक | १ | ५ | ३४७३० | १२ | ४१६७६० | ३४७३० | ० | ४५१४९० | ४५१४९० | |
| ६ | प्रशासन सहायक | २ | ५ | ३४७३० | १२ | ४१६७६० | ३४७३० | ० | ४५१४९० | ९०२९८० | |
| ७ | सव इन्जिनियर | १ | ५ | ३४७३० | १२ | ४१६७६० | ३४७३० | ० | ४५१४९० | ४५१४९० | |
| ८ | जनस्वास्थ्य सहायक | १ | ५ | ३४७३० | १२ | ४१६७६० | ३४७३० | ० | ४५१४९० | ४५१४९० | |
| ९ | खानेपानी सहायक टेक्निसियन | ५ | ४ | ३२९०२ | १२ | ३९४८२४ | ३२९०२ | ० | ४२७७२६ | २१३८६३० | |
| १० | सेवा शुल्क संकलन/मिटर रिडर | ७ | ४ | ३२९०२ | १२ | ३९४८२४ | ३२९०२ | ० | ४२७७२६ | २९९४०८२ | |
| ११ | सरसफाइकर्मी | ५ | ० | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ० | ३२११२६ | १६०५६३० | |
| १२ | सवारी चालक | ३ | ० | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ० | ३२११२६ | ९६३३७८ | |
| १३ | कार्यालय सहयोगी | २ | ० | २४७०२ | १२ | २९६४२४ | २४७०२ | ० | ३२११२६ | ६४२२५२ | |
| | जम्मा खर्च | | | | | | | | | १२४९०७५७ | |
| | आम्दानी (फोहोर व्यवस्थापन सेवा शुल्कवाट) | | | | | | | | | ६५००००० | |
| | नगरपालिकाले व्यहोर्ने | | | | | | | | | ५९९०७५७ | |

## २१. खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्डद्वारा निर्धारण गरिएको शुल्क तथा दररेट स्वीकृत गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची-१३ मा व्यवस्था भए वमोजिमको फोहोरमैला व्यवस्थापन सेवा शुल्कमा विलम्व शुल्क सहित तपसिल वमोजिम हुने गरी परिमार्जनको प्रस्ताव पेश भएकोमा उक्त दररेटमा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.न | विवरण | प्रति महिना रु | कैफियत |
|---|---|---|---|
| १ | घर | २०० | |
| २ | व्यवसाय सञ्चालन भएको प्रति सटर (क्र.स. १ मा थप) | १०० | |
| **३** | **होटल, लज, रेष्टुरेण्ट, वार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार** | | |
| क. | खाना- नास्ता | ३०० | |
| ख. | खाना-नास्ता मदिरा समेत | ८०० | |
| ग. | होटल एण्ड लज (१० कोठा सम्म) | १००० | |
| घ. | होटल एण्ड लज (१० कोठा भन्दा माथी) | १५०० | |
| ङ. | व्राण्डेड होटल, रिसोर्ट तथा लज | २००० | |
| **सि.न** | **विवरण** | **प्रति महिना रु** | **कैफियत** |
| ४ | सवारी साधन मर्मत(चार पाग्रे र सो भन्दा माथिको ग्यारेज) | ८०० | |
| ५ | मोटर साइकल वर्कसप | ५०० | |
| ६ | कवाडी संकलन व्यवसाय | ७०० | |
| ७ | वधशाला | १००० | |
| ८ | रागो तथा वँगुरको मासु विक्रि पसल | ४०० | |
| ९ | खसि,वोका र कुखुराको मासु विक्रि पसल | ३०० | |

| | | | |
|---|---|---|---|
| १० | तरकारी संकलन तथा होलसेल विक्रि केन्द्र/पसल | ३०० | |
| ११ | सरकारी कार्यालय, वैक, वित्तिय र अन्य संघ/संस्था | ३०० | |
| **१२** | **सरकारी तथा निजि स्वास्थ्य संस्था** | | |
| क. | १०० वेड भन्दा माथिको अस्पताल | २००० | निर्मलिकरण गरी सिसा, धारिलो,सिरिञ्ज, रसायनिक फोहोर छुटयाइएको मात्र |
| ख. | ५०-१०० वेडको अस्पताल | १५०० | |
| ग. | १६-४९ वेडको अस्पताल | १००० | |
| घ. | १५ वेडको अस्पताल | ७०० | |
| ङ. | क्लिनिक/ डेण्टल क्लिनिक | ५०० | |
| **सि.न** | **विवरण** | **प्रति महिना रु** | **कैफियत** |
| **१३** | **सेफ्टी टयाङ्की सफाई (सक्सन)** | | |
| क. | नगरपालिका क्षेत्र भित्र ५ कि.मि. सम्म | ६००० | |
| ख. | नगरपालिका क्षेत्र भित्र ५-१४ कि.मि. सम्म | ७००० | |
| ग. | नगरपालिका क्षेत्र भित्र १५ कि.मि. भन्दा माथी | ८००० | |
| घ. | नगरपालिका क्षेत्र वाहिर १६-२५ कि.मि. सम्म | १०००० | |
| १४ | अन्य | | |

नोटः फोहोरमैला व्यवस्थापन सेवा शुल्क नियमित तथा नियमन गर्नको निमित्त २०८२ चैत्र महिना भित्र वाँकी-वक्यौता सेवा शुल्क भुक्तानी गरेमा विलम्व शुल्क मिनाह गर्ने। तोकिएको समय सिमा भित्र शुल्क भुक्तानी नगरेमा हरेक महिना १० प्रतिशत विलम्व शुल्क समेत थप गरी अशुल उपर गर्ने र सो सम्वन्धमा वोर्डले नै सार्वजनिक सूचना जारी गरी आवश्यक कार्वाहीको प्रक्रिया अगाडि वढाउने छ।

२२. **खेलकुद प्रशिक्षकको दरवन्दी सृजना गरी नियूक्तिको प्रक्रिया अगाडि वढाउने सम्वन्धमाः,**

नगरपालिका भित्रका विद्यालयहरुमा अध्ययन गर्ने वालवालिका मानसिक स्वास्थ्य एवम् नगरपालिका भित्र खेलकुद गतिविधिलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी कलिला वालवालिकाहरुको मानसिक स्वास्थ्यलाई स्फुर्त राख्न एवम् आम नगरवासीहरुलाई स्वस्थ्यका लागि खेलकुद भन्ने सोचको विकास गरी स्वस्थ्यमा सजग वनाउन खेलकुदमा केही समय अभ्यासरत वनाइ राख्न व्याडमिन्टन खेलकुद तर्फ दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले व्याडमिन्टन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकोले उक्त प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि एक जना खेलकुद प्रशिक्षकको दरवन्दी सिर्जना गर्ने र योग्य व्याडमिन्टन प्रशिक्षकलाई करार सेवामा नियुक्त गर्ने

गरी कार्यापालिकाको वैठकवाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो। साथै सो सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाई करार सम्झौता गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो।

**२३. <u>अर्थ विविधवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका सम्वन्धमा:</u>**

नीलकण्ठ नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने गरी विनियोजन भएको नगरपालिका स्तरीय योजना तथा कार्यक्रम अन्तर्गतको सि.नं.१६ मा अर्थ विविध शीर्षकमा विनियोजन भएको रु ६० लाखवाट देहाय वमोजिमका योजना तथा कार्यक्रममा रकम विनियोजन गरी कार्यान्वयनका लागि स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

**अर्थ विविधवाट कार्यान्वयन हुने विनियोजित योजना तथा कार्यक्रमहरु**

| सि.न. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सिस्नुटोल खा.पा | नी.न.पा.१ | २००००० | नगरपालिकाको १८ औं अधिवेशनवाट स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत नगरपालिका स्तरीय योजना तथा कार्यक्रमको सि.नं. १६ अन्तर्गत विनियोजन भएको रु ६० लाखवाट कार्यान्वयन हुने गरी विनियोजिन गरिएको। |
| २ | सिम्ले खेल मैदान घेरावार | नी.न.पा.२ | २००००० | |
| ३ | शान्तिटार टोल विकास संस्थालाई सामुदायिक भवनमा भाडाकुडा, टेन्ट तथा फर्निचर खरिद | नी.न.पा.३ | १५०००० | |
| ४ | रायटार ढल व्यवस्थापन तथा सडक मर्मत | नी.न.पा.४ | ३००००० | |
| ५ | शहिद स्मृति प्रतिष्ठान कार्यालय व्यवस्थापन | नी.न.पा.४ | ३००००० | |
| ६ | फ्याक्से खानेपानी मर्मत | नी.न.पा.५ | २००००० | |
| ७ | रान्चे पतेनी दलित वस्तिमा सामुदायिक भाडाकुडा टेन्ट व्यवस्थापन | नी.न.पा.५ | १००००० | |
| ८ | सत्संग भवन व्यवस्थापन वैधेडाडा तथा भैरवी स्वास्थ्य आमा समुह र विजय आषिस मण्डली चच भाडाकुडा, तथा जलकन्या मन्दिर रङ्गरोगका लागि रङ्ग खरिद, फर्निचर खरिद व्यवस्थापन लगायत अन्य | नी.न.पा.६ | ३५०००० | |
| ९ | शहिद मुकुन्दसेन स्मृति पार्क डि.पि.आर | नी.न.पा.६ | ४००००० | |
| १० | दलित समाज सुधार तथा रम्तेल सेवा समाज भवन निर्माण वडा नं.७ रु ४ लाख तथा अमलटार विन्दवासिनी मन्दिर पहिरो व्यवस्थापन १ लाख ५० हजार गरी | नी.न.पा.७ | ५५०००० | |
| ११ | अमलडाडा आपडाडा सिढि निर्माण तथा चिलाउने वोटे गोरेटो वाटो निर्माण | नी.न.पा.७ | ४५०००० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | दमैटोल किरियापुत्री भवन निर्माण तथा ठाडोखोला चिसापानी प्रतिक्षालय निर्माण र नेपाली टोल क्रियापुत्री भवन मर्मत | नी.न.पा.७ | ४००००० | |
| १३ | ससाह माथिल्लो ज्यामिरे सडक स्तरोउन्नती | नी.न.पा.८ | ३००००० | |
| १४ | मुरलीभङ्याङ्ग चौतारा देखी टोल सम्म गोरेटोवाटो निर्माण | नी.न.पा. ९ | ४००००० | |
| १५ | ढाडागाउँ सडक स्तरोउन्नती तथा ड्रेन निर्माण | नी.न.पा.१० | ४००००० | |
| १६ | सल्ले खानेपानी निर्माण तथा सिम्ले मन्दिर निर्माण | नी.न.पा.११ | ४००००० | |
| १७ | चौतारोवाट जिवित चर्च जाने सडक मर्मत | नी.न.पा.१२ | ३००००० | |
| १८ | भोर्ले चक्रदेवी मन्दिर मुनीको गोरेटोवाटो मर्मत तथा सेउली मदनखर्क सडक मर्मत | नी.न.पा.१३ | ३००००० | |
| १९ | गुठ दलित वस्ती तथा कुपा सामुदायिक भवन व्यवस्थापन खा.पा. | नी.न.पा.१४ | २००००० | |
| २० | कुपा सामुदायिक भवन व्यवस्थापन | नी.न.पा.१४ | १००००० | |
| | | **जम्मा रकम** | **६००००००** | |

## २४. राजश्व वापतको रकम कार्यान्वयन गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट स्वीकृति नीति, कार्यक्रम तथा वजेट एवम उक्त अधिवेशनको निर्णय नं. ३९ मा नगरपालिकावाट संकलन असुल गर्नुपर्ने राजश्व संकलनमा/वडागत रुपमा उठेको कुल राजश्वको निश्चित रकम सम्वन्धित वडाहरुलाई उपलब्ध गराउने निर्णय भएकोमा आ.व.२०८१/०८२ मा संकलित वडागत राजश्वको परिधि र निर्णयको खण्डहरुमा उल्लेख भएको रकमको सिमा भित्र रही सम्वन्धित वडा समितिद्वारा सिफारिस गरिएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि स्वीकृति दिने निर्णय गरियो।

## २५. योजना सम्झौता तथा भुक्तानी गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिका वडा नं.०२ को प.स.२०८१/०८२ च.नं. १५४० मिति २०८१/११/०४ को पत्रानुसार चालु आ.व.२०८१/०८२ मा वडा नं. २ शहिद स्मृति भवन निर्माण योजनाका लागि वडागत र नगरपालिकावाट विनियोजित वजेट कार्यान्वयन गर्ने सन्दर्भमा उक्त भवन वन्ने स्थान ऐ.ऐ वडाको (नीलकण्ठ गा.वि.स. वडा नं.८) कित्ता नं. ८/ग २४६ (पूर्व कि.नं.२१४, पश्चिम सार्वजनिक, उत्तर कि.नं.२२२, दक्षिण ५८) सार्वजनिक जग्गा रहेको हुदाँ वडा समितिवाट निर्णय भइ योजना

कार्यान्वयनका लागि उक्त स्थानमा भवन वनाउन सिफरिस भै आएकोमा निर्मित भवन नगरपालिकाको मातहतमा रहने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयनका लागि सम्झौतासमेत लगायतका कार्यहरु गरी कार्यसम्पन्न भएकोमा उक्त योजना कार्यान्वयनका लागि भएको सम्झौतालाई स्वीकृत गरी कार्यसम्पन्न पश्चात प्राविधिक मुल्याङ्कनका आधार विनियोजित रकमको आवश्यक कागजातका आधारमा नियमानुसारको रकम भुक्तानी दिने निर्णय गरियो।

२६.दलित सशक्तिकरण ऐन,२०८२ का सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको दलित वर्गको हक, अधिकारको सुनिश्चतता, सुरक्षा एवम् संक्षण तथा सम्वर्द्धनका लागि नगरपालिकावाट तयार भएको नीलकण्ठ नगरपालिकाको दलित सशक्तिकरण ऐन, २०८२ स्वीकृत गर्ने निर्णय गरियो। साथै सो निर्माणका लागि कार्यदिश दिएको रिसर्च इम्पावरमेन्ट एण्ड सपोट प्रा.लि.लाई सम्झौता वमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

२७.योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमाः,

यस नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने नगर सभावाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि यस पछि वस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

**तपसिल**

**तालिका नं.१**

| सि.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | विर्तविशी सडक ग्रावेल नी.न.पा.८ | १०००००० | १. विर्तविशी सडक स्तरोउन्नति नी.न.पा.८ | १०००००० | |
| २. | भैपरी आउने विविध योजना तर्फ नी.न.पा.६ | ४००००० | १. लाकुरी धारा सडक निर्माण नी.न.पा.६ | १००००० | |
| | | | २. मग्राती टोलको धारा पानीमा मरनघाट निर्माण नी.न.पा.६ | २००००० | |
| | | | ३. विरौटा कुलो सिंचाइ निर्माण नी.न.पा.६ | १००००० | |
| ३. | ससाह इसाइ चर्च तथा सिढी वाटो नी.न.पा. ८ | ५००००० | १. ससाह इसाइ चर्च भवन निर्माण नी.न.पा. ८ | ५००००० | |
| ४. | | ८५०००० | १. आकस्किक मर्मत सम्भार तर्फ, नी.न.पा.११ | ५००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आकस्मिक मर्मत सम्भार तर्फ, नी.न.पा.११ | | २. नाला सरसफाइ, नी.न.पा.११ | १५०००० | |
| | | | ३. अधेरी खेत राना चौतारा सिढि निर्माण नी.न.पा.११ | २००००० | |
| ५. | धारापानी धारा र सलाइ धारा मर्मत नी.न.पा.११ | १००००० | १. धारापानी वाटो सोइलिङ्ग नी.न.पा.११ (आ.व.२०८१/०८२ को राजश्व वापत प्राप्त हुने रकम रु ५००००।- सहित एकमुष्ठ रकम समावेश गरिएको) | १५०००० | |
| ६. | कार्यालय सञ्चालन तर्फ विविध | २५००० | १. पदाधिकारी वैठक भत्ता | ४८००० | **विनियोजन भएको शिर्षकवाट कट्टा गरिएको** |
| | स्टेशनरी, पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन र विज्ञापन | ८००० | | | |
| | वडागत योजना तर्जुमा(टोल/वस्ती भेला) | १५००० | | | |

२८.**योजना तथा कार्यक्रम कार्यान्वयनका सम्वनधमा.:**

नीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्दा फोहोरमैला विसर्जन स्थलवाट हुने प्रदुषण न्यूनिकरणका लागि सम्वन्धित वडाका प्रभावित क्षेत्रका स्थानिय वासिन्दाहरुको मागलाई सम्वोधन गर्नका लागि नगरपालिकाद्वारा नगर सभावाटै आवश्यक वजेट व्यवस्थापन गरिदै आएकोमा गत आ.व.२०८१/०८२ मा विविध प्राविधिक कारणले विनियोजित वजेट कार्यान्वयन वा कार्यसम्पन्न हुन नसकि चालु आ.व.२०८२/०८३ मा दायित्व सारिएको रु विस लाख र चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी रु तीस लाख विनियोजन भएकोमा सो क्षेत्रका प्रभावित आम वडावासीहरुद्वारा गठित फोहोरमैला प्रभावित क्षेत्र विकास समिति (वा-डेक) को प.स. २०८२/०८३ च.नं.०५ मिति २०८२/१२/१२ को प्राप्त पत्र अनुसार प्रभावित क्षेत्रमा कार्यान्वयन हुने गरी देहाय वमोजिमका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सिफारिस भई आएकोमा सोही वमोजिमका योजना तथा कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.स | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वनदेवी मन्दिर मर्मत सम्भार | नी.न.पा.७ | ३,००,०००।- | |
| २ | सडक वत्ति र सि.सि. क्यामेरा जडान | नी.न.पा.८ | ५,००,०००।- | |
| ३ | किरियापुत्री स्थल निर्माण | नी.न.पा.८ | २,००,०००।- | |
| ४ | व्यामशाला सामाग्री खरिद तथा जडान | नी.न.पा.८ | ४,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | देउराली चौतारा मर्मत | नी.न.पा.८ | ३,००,०००।- | |
| ६ | मेवावारी पक्की नाला निर्माण | नी.न.पा.८ | ४,००,०००।- | |
| ७ | ज्यामिरे ठाडोवाटो सिढि निर्माण | नी.न.पा.८ | १०,००,०००।- | |
| ८ | ससाहडाँडा सोलारवत्ति जडान | नी.न.पा.८ | ३,५०,०००।- | |
| ९ | मझिमटार खेलकुद ग्राउण्ड निर्माण | नी.न.पा.८ | ५,००,०००।- | |
| १० | परम्परागत भेषभुषा तथा वाद्ब्यवाधन खरिद | नी.न.पा.८ | ५,००,०००।- | |
| ११ | ससाह ज्यामिरे सामुदायिक वन उपभोक्ता समिति भवन मर्मत | नी.न.पा.८ | ३,००,०००।- | |
| १२ | फोहोरमैला प्रभावित क्षेत्र विकास समिति कार्यालय व्यवस्थापन | नी.न.पा.८ | २,५०,०००।- | |
| | | जम्मा रु | ५०,००,०००।- | |

२९. **<u>अर्थ विविधवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका सम्वन्धमा,:</u>**

यस नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. ३४ र ऐ.ऐ नगर सभावाट स्वीकृत विनियोजन ऐन, २०८२ को दफा (३) को उपदफा (२) र (३) अनुसार नगर प्रमुखज्यूलाई प्रत्यायोजित अधिकार अनुसार नगर सभाको विनियोजित वजेटको सीमामा रही तत्काल कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने एवम् पूर्वाधार विकास समितिवाट विभिन्न मितिमा सिफारिस भै आएका तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुका सम्वन्धमा छलफल गर्दा आवश्यकताको आधारमा त्यस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि कार्यपालिकाको वैठकवाट सिफारिस भै आएका देहाय वमोजिम योजना तथा कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**<u>स्रोत व्यवस्थापन तथा विनियोजना भएका योजना तथा कार्यक्रमहरुको विवरण</u>**

| योजना तथा कार्यक्रमका (श्रोत व्यवस्थापन समेत) | | | | |
|---|---|---|---|---|
| अर्थ विविधवाट कार्यान्वयन हुने विनियोजित योजना तथा कार्यक्रमहरु | | | | |
| **सि.न.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **ठेगाना** | **कैफियत** |
| १ | वेल्टार-सुकौरावेसी सडक स्तरोउन्नती | ५००००० | नी.न.पा.७ | |
| २ | झगरे सडक नाला निर्माण | ३००००० | नी.न.पा.९ | |
| ३ | मुल्य श्रृङ्खलामा आधारित सरकारी तथा फलफुलको वजारीकरणको सम्भाव्यता अध्ययन | ५००००० | न.पा.कृषि क्षेत्र | |
| ४ | विर्तावेशी जलविरे फाँट सिंचाइ वाध निर्माण | ७७००० | नी.न.पा.८ | |
| ५ | सल्लामोड खुर्पेखोला सडक | ५००००० | नी.न.पा.१३ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | १४ नं. खानेपानी टयङ्की निर्माण | २००००० | नी.न.पा.१४ | |
| ७ | नेपाल विद्युत प्राधिकरण धादिङ शाखा मार्फत खर्च गर्ने गरी विद्युत ट्रष्फर्मर खरिद (खानेपानीको लागि) | ७००००० | नी.न.पा.५ | |
| ८ | नेपाल विद्युत प्राधिकरण धादिङ शाखा मार्फत खर्च गर्ने गरी विद्युत ट्रष्फर्मर खरिद (खानेपानीको लागि) | ४५०००० | नी.न.पा.९ | |
| ९ | जैविक विषादीको प्रयोगको अवस्था विश्लेषण र जैविक विषादिको अधिकतम् प्रयोगको सम्भाव्यता अध्ययन | ५००००० | न.पा.कृषि क्षेत्र | |
| १० | सिप्लिकाने खेत वाह्रमुरे/ कुवापानी खोला कटान नियन्त्रण | ३००००० | नी.न.पा.२ | |
| ११ | विरौटा नेपाल गाउँ सडक निर्माण | ३००००० | नी.न.पा.२ | |
| १२ | सहिद स्मृति प्रतिक्षालय खरवारी | २००००० | नी.न.पा.१४ | |
| १३ | चौथो राजु दाहाल (सागर) स्मृति कप, २०८२ खेलकुद प्रतियोगिता चिसापानी | १००००० | नी.न.पा.२ | |
| १४ | सत्यवचन मार्ग दर्शनको लागी कुर्चीहरु तथा आमाको माया छात्रावासलाई जस्ता खरिद | ३००००० | नी.न.पा.११ | |
| १५ | काफलछाप प्रतिक्षालय निर्माण | २००००० | नी.न.पा.६ | |
| १६ | नीलकण्ठ सामुदायिक सिकाइ केन्द्र कम्प्यूटर मर्मत तथा पुस्तकालय व्यवस्थापन | १००००० | नी.न.पा.३ | |
| १७ | धरमपानी सिढिवाटो निर्माण | २००००० | नी.न.पा.७ | |
| १९ | देउराली खर्क सडक मर्मत | १५०००० | नी.न.पा.१२ | |
| २० | विपद् पूर्वतयारीका लागि आवश्यक सामाग्री खरिद (धादिङ सोसियल भोलेन्टियर नेपाललाई हस्तान्तरण) | ४९०००० | | |
| २१ | घुम ढुंङ्गा सिढिवाटो निर्माण | २००००० | नी.न.पा.७ | |
| २२ | वरखोला देउराली-सेती कुलो मर्मत तथा आगे देउराली सडक | १५०००० | नी.न.पा.७ | |
| २३ | नीलकण्ठ नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको वृत्तचित्र निर्माण | ५००००० | न.पा. पर्यटन क्षेत्र | |
| २४ | सि.टि हल मर्मत सम्भार | ३००००० | नी.न.पा. | |
| २५ | मनरुपी माध्यामिक विद्यालय पहिरो नियन्त्रण | २००००० | नी.न.पा.१३ | |
| २६ | मनकामना मन्दिर प्रतिक्षालय निर्माण | ४००००० | नी.न.पा.८ | |
| २७ | विर्तावेशी सडक ढलान कार्य | ५००००० | नी.न.पा.८ | |
| २८ | ससाह रैकरे वेसीको वाँध निर्माण | ३०००० | नी.न.पा.८ | |

| | | | | |
|---|---|---|---|---|
| २९ | करातेको लागि म्याट खरिद | ४५०००० | नी.न.पा. | |
| ३० | डाँडागाउँ पुर्वेगाउँ सडक मर्मत | ८५००० | नी.न.पा.१४ | |
| ३१ | मजुवा ठुलो कुलो निर्माण | ३००००० | नी.न.पा.७ | |
| ३२ | प्रशासनिक भवनको Interior Design | ८००००० | नी.न.पा. | |
| ३३ | पानधारे काउले सडक मर्मत | ३००००० | नी.न.पा२ | |
| | **जम्मा विनियोजित रकम** | **१०२८२०००** | | |

## ३०. सेवा तथा परामर्श खरिद गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाकाको दैनिक प्रशासनिक सुधार एवम् जनमैत्री स्थानीय सरकारको रुपमा विकास गर्न नगरपालिकालाई पारदर्शिता, जवाफदेहिता र प्रशासनिक चुस्तताका लागि आवश्यक पर्ने सेवा तथा परामर्श खरिद गर्नुपर्ने आवश्यकता देखी कार्यापालिकावाट सिफारिस भै आएका तपसिल वमोजिमका सेवा तथा परामर्श खरिद कार्यका लागि चालु आ.व.२०८२/०८३ को स्वीकृत वजेट सिलिङ्गमा फरक नपर्ने गरी वचत हुने शीर्षकहरुवाट आवश्यक वजेट व्यवस्थापन गरी स्वीकृत तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | योजना तथा कार्यक्रम | विनियोजि रकम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | मुल्य श्रृङ्खलामा आधारित सरकारी तथा फलफुलको वजारीकरणको सम्भाव्यता अध्ययन | ५००००० | नी.न.पा | |
| २. | जैविक विषादीको प्रयोगको अवस्था विश्लेषण र जैविक विषादिको अधिकतम् प्रयोगको सम्भाव्यता अध्ययन | ५००००० | नी.न.पा | |
| ३. | नीलकण्ठ नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको वृत्तचित्र निर्माण | ५००००० | नी.न.पा | |

## ३१. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा,ः

यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर सभावाट विनियोजित भएका योजना तथा कार्यक्रमहरुमा शाव्दिक त्रुटि, विनियोजित रकममा हेरफेर शिर्षकान्तर लगायतका कार्यहरु गरी तोकिएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको प्रक्रिया

अगाडि वढाउन विभिन्न मितिमा वसेको नगर कार्यापालिका वैठकवाट भएका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधनका निर्णयहरु, नगरप्रमुखज्यूवाट भएका सम्पूर्ण निर्णयहरु तथा नगर कार्यापालिकाको कार्यालयवाट योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहजीकरणका लागि भएका कार्यालय स्तरवाट भएका सम्पूर्ण निर्णयहरुको स्वमीत्व लिई आवश्यक संशोधनका विषयमा भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

३२. **दरवन्दी थप गर्ने सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालयले सूचना प्रविधिमैत्री नगर निर्माणका प्रभावकारी कार्यहरु कार्यान्वयनका सम्वन्धमा विभिन्न योजना तथा कार्यक्रमहरु तय गरी काव एमव् वडा कार्यालय तथा विद्यालयहरुमा कार्यसम्पादनलाई सहजीकरण गरी कार्यवोझ व्यवस्थापन गर्न थप जनशक्ति आवश्यक देखिएकोले देहाय वमोजिमका दरवन्दीहरु थप गर्ने निर्णय स्वीकृत गरी पदपूर्ति गर्ने निर्णय गरियो।

**तपसिल**

क. कम्प्यूटर अप्रेटर -१ जना (सूचना प्रविधि शाखा)
ख. कार्यालया सहयोगी - २ जना